# अध्याय एक

# परिचय

## १.१. भूमिका

नेपाल क्षेत्रफलमा सानो छ । भौगोलिक विविधता, सामाजिक, सांस्कृतिक दृष्टिले अनेकतायुक्त रहेको छ । हाम्रो समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक सम्प्रदायहरु भएको एउटा सानो फूलवारी हो । जति धेरै जाति त्यति धेरै भाषा, धर्म तथा संस्कृति हुने हुनाले यो विभिन्न जातीहरुको कर्मभूमिको रुपमा स्थापित भएको छ । मेचीदेखि महाकाली, हिमालदेखि तराईसम्म फैलिएको हाम्रो समाजमा धरातलीय तथा वातावरणीय अवस्था अनुसार फरक फरक जाती, जनजातीहरु बसोबास गर्दछन् । यिनीहरुका आफ्नै मौलिक कला, संस्कृति, परम्परा, रितिरिवाज, भेषभुषा, चालचलन, मुल्यमान्यता र हेका छन् । तिनीहरुकै समिकरण तथा समन्वयबाट एकिकृत भई नेपाली समाजको निर्माण भएको हो(दाहाल, २०५८) ।

नेपालमा बसोवास गर्ने जनजातीहरु मध्ये थारु जाती एक जो नेपालको तराई प्रदेशमा रही लामो ऐतिहासिक अनुभवबाट खारिएको पाइन्छ । अनुभवकै आधारमा उनीहरुका घर, वसोवास स्थल तथा उनीहरुले प्रयोग गर्ने वस्तु एवं अपनाउने परम्पराहरुमा विशिष्टता पाईन्छ । कालो वर्णका मंगोलियन उत्पत्तिका जस्ता देखिने थारुहरु आज नेपालको पूर्व मेचिदेखि पश्चिम महाकाली सम्मको तराई क्षेत्र चुरे तथा महाभारत पर्वत विचको भित्रि मधेशमा समेत छरिएर रहेका छन् । तराईका आदिवासीकारुपमा परिचित थारुहरु नेपालकोकूल जनसँख्या २,६४,९४,५०४, को (६.७५%) प्रतिशत अर्थात १७७५१३१रहेको छ(केतबि,२०६८)। दिनप्रतिदिन सुकुम्वासी बन्दै गएका थारुहरु पहाडियाको चंगोलमा फस्दै गएको देखिन्छ । तराईमा अहिले थारुलाई सांकेतिक रुपमा भन्ने गरिन्छ हिजोका जमिन्दार अहिलेका हरुवा चरुवा । त्यसैले थारुहरुको आर्थिक, सामाजिक, सांस्कृतिक गतिविधिमा एकातिर विशिष्टता पाईन्छ भने अर्कोतिर उत्पीडनले भरिएका कहानीहरु पनि । विश्वमा भएका वैज्ञानिक चमत्कारी र यसबाट श्रृजित नयाँ वातावरणले यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, वसाई सराई, आधुनिकिकरण, पश्चिमीकरण, हिन्दुकरण आदिको विकास र प्रभावले समस्त थारु जातिको आर्थिक तथा सामाजिक जीवनमा उथल पुथल ल्याइदिएको छ । आफ्नै मौलिक परम्परा, रितिरिवाज, भाषा,

संस्कृति भएका नेपालका आदिवासी थारुहरु गरीवी, वेरोजगारी, अशिक्षा, रोग, गाँस-वास र कपासको समस्याले दिनप्रतिदिन अधोगति तर्फ धकेलिंदै गइरहेका छन् । त्यसैले उनीहरुको सामाजिक तथा आर्थिक अवस्थाका वारेमा जानकारी वाञ्छनीय भएको अनुभुति गरिएको छ (रिजाल, २०४५)।

परापूर्वकालदेखि नेपालमा वसोवास गर्दैआएका विभिन्न जातीहरुमा रानाथारु जाति पनि एक हो । कृषिलाई जीवन यापनको मूल माध्यम बनाई तराईको समथर भुभागमा वसोवास गर्ने रानाथारु जाति कैलाली, बर्दिया तथा कन्चनपुरको आदिवासी जाति हो । रानाथारुजातिको उत्पत्ति र इतिहास वारे स्वदेशी र विदेशी दुवै किसिमका विद्वानहरुमा वैचारिक मतभेद पाईन्छ । थारुलाई मंगोलियन, द्रविडियन, द्रविड मंगोल र मिश्रित जातीको रुपमा चिनाउने पृथक पृथक विद्वानहरु छन् । अधिकांश विद्वानहरु रुप रंग र शारीरिक बनावटका आधारमा रानाथारुलाई मंगोलियन मान्दछन् भने केही विद्वानले भारतको राजस्थानको थार मरुभुमिबाट आएको हुनाले यस जातिलाई थारु भनिएको हो भनि स्विकार्दछन् । यसरी स्विकार्ने विद्वानहरुको भनाई अनुसार मुस्लिम समुदायले राजस्थानमा आक्रमण गरी कब्जा जमाउँदै राजपूतहरुलाई हत्या, यातना दिन थाले । तिनीहरुका पत्नीहरु आफ्नो सतित्व रक्षा गर्न नोकरहरुलाई लिएर तराईतिर लागे, लामो समयसम्म आफ्नो पतिको प्रतिक्षा गर्दापनि नआएपछि तिनै नोकरहरुलाई पतिको रुपमा स्विकार गरी घरवार गरी वस्न थाले । त्यसपछि राजपूत स्त्रीहरु र तल्लो जातका नोकरबाट जन्मेका सन्ततीहरु नै थारु हुन् भनि उल्लेख गरेका छन्  (रिस्ले, १८९२,बिष्ट,१९६७,रजौरे,१९९७)।

त्यसैगरी यही थार शब्दलाई क्रोकले आफ्नै तरिकाले अर्थाएका छन् । उनका अनुसार थार भनेको जाँड हो र धेरै जाँड खाने मानिसलाई एक क्षेत्रीय राजाले थारु नाम दिएका हुन् ( क्रूक, १९९६ः ३३१)।

त्यस्तै महा पण्डित राहुल सास्कृत्यायनको भनाई अनुसार भगवान गौतम बुद्ध पनि थारु समुदायका व्यक्ति हुन् । नेपालमा थारु जातिको पहिलो थलो दाङ उपत्यका मान्दै त्यस उपत्यकामा भएका दंगौरा थारुहरु वसाई सराई सर्दै कैलाली तर्फ आएको उल्लेख गरेका छन (मेचीकाली पत्रिका, नेपाल सरकार,२०३१)।

थारु समुदयमा परापुर्वकालदेखि नै कमैया र कमलरी प्रथा रहेको पाइन्छ । निश्चित बन्देज वा शर्तमा कुनै मालिक वा मध्यत्कर्ता र अभिभावक वा स्वं कमलरी विच लिखित वा मौखिक सम्झौता भई निश्चित समयावधिका लागि तोकिएको ज्याला, अन्न वा अन्य सुविधा पाउने शर्तमा मालिकको घरमा काम लगाएका थारु महिलालाई कमलरी भनिन्छ । संयुक्त राष्ट्रसंघको कार्यक्रममा प्रस्तुत एउटा कार्यपत्रले घरेलु कामका साथसाथै अन्य कृषि कार्यमा संलग्न महिलालाई कमलरी भनि परिभाषित गरिएको छ (-(जिल्ला कृषि कार्यालय, २०६१) ।

कमलरी कमैयाकै स्त्रीलिङ्गी शब्दले ३ वटा कानूनले कमलरी प्रथालाई निवेधित गरे ।

- यी बन्देज वा शर्त विभिन्न हुन सक्छन् । उदाहरणका लागि आफूले वा आफ्नो परिवारको सदस्यले कुनै समयमा लिएको रकम वा सोको व्याज तिर्नका लागि ज्याला विना काम गर्ने, अधिया जग्गा कमाए वापत काम गरिदिने, पढाई दिने तथा जागीर दिने आश्वासनमा काम गर्ने वा खान लाउन र निश्चित ज्याला दिने शर्तमा काम गर्ने, यसको समयावधी प्राय: थारुहरुको सबैभन्दा ठूलो चाड माघी (माघ १) बाट पुष मसान्तसम्म अर्थात् एकवर्ष हुन्छ ।

- २०६६ भदौ २४ गते दाङ जिल्लामा कमलरी प्रथाको अन्त्यका दीगो उपायहरु विषयक सार्वजनिक संवाद कार्यक्रममा (SWAN) का अध्यक्ष कृष्ण कुमार चौधरीले प्रस्तुत गरेको आधारपत्रमा आधारित ।
- कमैया भन्नाले सम्पूर्ण परिवार सहित जमीनदारका लागि कार्य गर्ने र त्यस वापत उत्पादनको केही हिस्सा र रकम प्राप्त गर्ने मेहनेती थारु पुरुषलाई जनाउँछ -(जिल्ला कृषि कार्यालय, २०६१) ।

थारुजातिमा कमैया र कमलरी प्रथा व्यापक हुनुमा जग्गा विहिनता र त्यसले उब्जाएको गरीवीलाई पमुख कारण मान्न सकिन्छ -(जिल्ला कृषि कार्यालय, २०६१) ।

आफ्नो जग्गा जमीन नभएपनि कृषिमा नै निर्भर रहने हुँदा यिनीहरु जमीनदारबाट शोषित र पिडित बने (बिष्ट, २००४) ।

थारुहरुको कमैया प्रथाबाट २०५७ साउन २ गते मुक्ति पाएपनि न्यायोचित पुन:स्थापनाको अभावमा आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थामा कुनै सुधार नआएकाले

उनीहरुले आफ्ना छोरी बुहारीलाई कमलरी हुनबाट जोगाउन सकेका छैनन् । गरीव परिवारका लागि कमलरी प्रथाले खान, लगाउनमा केही हदसम्म राहत प्रदान गरेको हुँदा यो एक पेशाको रुपमा स्थापित भएको छ । कमलरीहरु निश्चित शर्तका आधारमा काम गर्ने तथा परिवारको रोजी रोटी पनि उनीहरुको रोजीरोटीसंग जोडिएको हुँदा उनीहरु बँधुवा हुन्छन् । त्यसको प्रत्यक्ष असर उनीहरुको शैक्षिक अवस्थामा परेको सहज अनुमान गर्न सकिन्छ । यस अध्ययनमा पश्चिम नेपालमा कायम रहेको कमलरी प्रथाले थारु महिलाको शिक्षामा पारेको प्रभावको विश्लेषण गरिएको छ । यस बारेमा अध्ययन अनुसन्धानको कमी भएकाले पनि यो अध्ययन आवश्यक भएको हो । शिक्षामा थारु महिलाको पहुँच कम हुनका केही विशिष्ट कारण छन् भन्ने मान्यता यस लेखको रहेको छ । ती विशिष्ट कारणको आधार हो, कमलरी प्रथासंगै जोडिएर आउने निश्चित शर्त र बन्देज । त्यसैले शिक्षामा अन्य सिमान्तीकृत समुदायका महिला र थारु महिलाको पहुँच कम हुनुका कारणहरु फरक छन् । कमलरी प्रथा पश्चिम नेपालको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा व्याप्त छ (कान्तिपुर, २०६५) ।

यि जिल्लाहरुमा थारुहरुको जनसंख्या पनि उल्लेखय छ । दाङमा मात्र पाँचहजार कमलरी थिए । अहिले यो संख्या १७० मा झरेको छ । यसैगरी बाँकेमा ६५०, बर्दियामा १३९३, कञ्चनपुरमा ६०० र कैलालीमा २५०० जना अहिले पनि कमलरी रहेका छन् । कमलरीहरुको एकिन तथ्यांक कतैपनि नपाइएको हुँदा यसैलाई आधिकारिक मानिएको छ(सडौला, २०५७)। थारु समुदायमा कमलरी प्रथालाई स्वभाविक रुपमा लिइन्छ । आर्थिक स्थिति नाजुक भएकाले अर्काको घरमा काम गर्नैपर्छ भनने मान्यता उनीहरुमा छ । कमलरी प्रथा कहिले र कसरी शुरु भयो भनि एकिनका साथ भन्ने सकिँदैन । थारुजाति वारे अध्ययन गरेका द्रोण प्रसाद रजौरेका अनुसार पहिले पहिले थारु समाजमा निश्चित सम्झौतामा ज्वाँईले ससुराको तथा मामाले भान्जाको काम गरिदिने चलन बाटै कमलरी प्रथाको शुरुवात भएको हो । औलो उन्मुलन पछि अन्य जातका मानिसहरु पनि तराईमा बस्न थाले । अन्य जातिका मानिसले थारुहरुको अशिक्षा र सोझोपनको फइदा उठाउन थालेपछि यस प्रथाले विकृत रुप लिएको उनको विचार छ । थारुजाति सम्बन्धी काम गरिरहेका व्यक्तिहरुले भने यसलाई दासप्रथाको अवशेषका रुपमा लिन्छन र यसको अन्त्य हुनु पर्दछ भन्ने मान्यता राख्दछन् ।सन् १९६० को दशकमा करीव १५ हजार थारुहरु घर विहिन भएभने ६ हजार थारुहरु तराईका अन्य जिल्लामा बसाइ सराई गर्न बाध्य भए ।जग्गा विहिनता बढेपनि थारुहरुले कृषि पेशा र जमीनसंगको आफ्नो परम्परागत सम्बन्ध भने टुटाउन सकेनन् । जसले गर्दा उनीहरु जमीनदार माथि सम्पूर्ण रुपमा आश्रित हुन पुगे र कालान्तरमा बँधुवा भए(रजौरे,१९७७) ।

कमैया र कमलरी प्रथा विच निकट सम्बन्ध छ । थारु समुदायमा यि प्रथा व्यापक हुनुमा पहाडबाट तराइमा भएको बसाई सराई र सोका कारण थारुहरुमा बढेको जग्गा विहिनता नै प्रमुख कारण मान्न सकिन्छ । सन् १९१२ सम्म बहुसंख्यक थारुहरुसंग प्रसस्त जमीन थियो । तर सन् १९६० मा आइपुग्दा करीव ८०% थारुहरु मोही भएभने पहाडी उच्च जातका व्यक्तिहरु ति जमीनका मालिक भए ((रजौरे,१९७७) ।

नेपालमा थारु समुदायको वसोवासको इतिहास लिच्छवी कालसम्म पुगेका पाईन्छ । लिच्छवीकाली राजा शिवदेव प्रथमको पालामा ललितपुर जिल्लाका चापागाउँमा भएको अभिलेख यसको प्रमाण हो जसमा स्थरुदंग उल्लेख गरिएको पाईन्छ । स्थरुबाट पछि थारु शब्द भएको तथा बुद्ध धर्मको एक शाखा स्थवरिसंग सम्बन्धित रहनुका साथै स्वयं गौतम बुद्ध पनि थारु समुदायकै थिए भन्ने उल्लेख पाईन्छ (आचार्य, २०३०: ) ।

यो अध्ययन कन्चनपुर जिल्ला, बेलौरी नगरपालिका वडा न ५ रिछाह गाउँमा बसोबास गरिरहेका राना थारुहरुको सामाजिक तथा साँस्कृतिक अबस्थाको हो जसले उनिहरुकोसामाजिक तथा साँस्कृतिक अबस्थाको सम्बन्धमा यथार्थता जानकारी गराउदछ ।

## १.२ समस्याको कथन

नेपालमा बसोबास गर्ने १५९ जाति मध्ये रानाथारु लाई तराई प्रदेशको एक आदिबासि जनजातिको रुपमा नेपाल सरकारले परिभाषित गरेको छ । नेपालको सु.प. बिकास क्षेत्रको कैलाली र कंचनपुर जिल्लामा मात्र बसोबास गरेका रानाथारु जाति भारतको राजस्थान राज्यबाट नेपालमा आएको कुरा मानबशास्त्री डोर बहादुर बिष्टले आफ्नो प्रकाशन "People of Nepal "मा उल्लेख गर्नु भएको छ । अझैंपनि यस जातिका मानिसहरु कैलाली र कंचनपुर जिल्लाका सिमा नजिक भारतको उत्तर प्रदेश र उत्तराञ्चल राज्यमा विभिन्न ठाउँमा बसोबास गरिरहेको पाईन्छ । नेपालका रानाथारु र भारतमा बसोबास गर्ने रानाथारु विच सामाजिक र साँस्कृतिक संम्बन्ध रहेको देखिन्छ । अलग साँस्कृतिक, सामाजिक ,भाषिक पहिचान भएका चौधरी (डगौंरा) थारु र रानाथारुलाई नेपाल सरकारले भने थारु जाति भित्र राखेकोछ ।चौधरी थारु नेपालका कैलाली, कंचनपुर, बाँके, बर्दिया, दाड. र कन्भनपर जिल्लामा बसोबास गरेको पाईन्छ भने रानाथारु कैलाली र कंचनपुर जिल्लामा मात्र बसोबास गरिरहेका छन् । यी दुई जातीमा धेरै कुरामा भिन्नता रहेको पाईन्छ । जस्तै यी दुई जातिले बोल्ने भाषा अलग रहेको छ । चौधरी थारुको भाषा आफ्नैं किसिमको छ भने राना थारुको

भाषा हिन्दी भाषासंग मिल्दोजुल्दो छ । यी दुई जातिबिच चालचलन ,रितिरिवाज, पहिरन, खानपान, बिवाह,पेशा आदी कुरामा अर्थात सामाजिक र साँस्कृतिक रुपमा पूर्ण भिन्नता रहेको छ । रानाथारुजातिमा पत्निलाई मानसम्मान र महत्व दिने गरिन्छ । पुरुषले बहुबिवाह गर्ने चलन हुँदैन साथै पहिले पहिले त बिवाहित छोराको मृत्यु भएको अवस्थामा बिधवा बुहारीको लागी अन्य पुरुष खोजी आफ्नैं घरमा छोरा सरह मानि राख्ने चलन थियो र छोरा र छोरी बीच भेदभाव नगर्ने प्रचलन रहेको देखिन्छ ।

कैलाली र कंचनपुर जिल्लामा मात्र रहेका राना थारु जाति चौधरी थारु भन्दा भिन्न संस्कृतिका धनि र कसैको दमन र शोषणनसहेका आफ्नैं प्रतिष्ठा र मौलिकतामा अडिग रहने जाति हो । यसरी नेपालमा बसोबास गर्ने बिभिन्न जनजातिहरु मध्ये परेर पनि अन्य जाति संग मेल नखाने सामाजिक चालचलन, रितिरिवाज र भाषा भएको यो जाति हाल सम्म ओझेलमा परेको देखिन्छ । यिनिहरुको सामाजिक र साँस्कृतिक बिषयमा लेखिएका लेख, रचना र पुस्तकहरु बिरलै प्रकाशित भएको पाईन्छ । केहि हद सम्म भारतीय नागरिकहरुसंग चालचलन मिल्ने यो जाति तराईंका आदीबासी हामी हौं भनेर दाबी गरिरहेको अवस्था छ । यी दुबै जिल्लामा वि. सं. २०१३ तिर आई बसोबास गरेको कुरा यस समुदायका बुढापाकाहरु बताउँछन् । तराईंका यी दुबै जिल्लामा प्रशस्त जमिन ओगटेर बसेका रानाथारु आफुलाई जमिनदार भएको कुरा दाबी गर्छन् । तर हाल जनसंख्या बृद्धि संगसंगै परिवार छुट्टिने र जमिनको भागबंडाले गर्दा पहिलेको अवस्थामा भने रहेको छैन ।

अशिक्षा,अन्धबिश्वास,फजुलखर्च,परम्परागत सोच आदीका कारणले गर्दासमय संगसंगै प्रगति गर्न नसकेकाले रानाथारु जाति पछाडी परेको देखिन्छ । यस समुदायमा पनि अन्य समुदाय जस्तै बेरोजगारी, अशिक्षा, पछौटेपन,अन्धविश्वास आदी जस्ता सामाजिक समस्याहरु रहेको पाइन्छ ।

यस बिषयमा अध्ययन गर्नाको मुल कारण रानाथारु जातिको ओझेलमा परेकोसाँस्कृतिक पक्षको बिश्लेषण गर्नु र लोप हुँदै गईरहेको मौलिक सँस्कृतिलाई बचाउन पहल गर्नु रहेको छ । आजको पुस्तालाई आफ्नो मौलिक सामाजिक र साँस्कृतिक कुराहरुको संरक्षण गर्नुपर्ने जनचेतना कमी भएको देखेर यस क्षेत्रको अध्ययन गरिएको हो ।

तराईको आदिवासीको रुपमा परिचित थारुजाति घना जंगल, डरलाग्दा जंगली जनावर, औलो, हैजा जस्ता रोग आदिका समेत प्रवाह नगरी अस्वस्थकर वातावरण, हिंस्रक जनावर र प्रकृतिसंग मित्रता गाँसेर जीवन व्यतित गरेर आफ्नै रितिरिवाज, परम्परा, धार्मिक विश्वास,

मुल्यमान्यता, सांस्कृतिक एवं भाषिक परम्परा भएका यि थारु जातिको जीवन शैली सरल, मेहनती र इमान्दारी स्वभावको पाइन्छ । सन् १९५१ को त्रिपक्षीय सन्धी अनुसार भारत तथा अमेरिकी सरकारको सहयोगमा औलो उन्मुलन कार्यक्रम थालनी भएपछि क्रमश: अन्य जातिको ज्यामितिय दरमा बढेको बसाई सराईका कारण थारु जातिको जीवन शैलीमा व्यापक प्रभाव पर्न थाल्यो । यिनीहरु ज्यादै सरल, सोझा र इमान्दार तथा अनपढ भएका कारण अन्य जातिले विभिन्न जालझेल, प्रपञ्च गरी उनीहरुबाट अनुचित फाइदा उठाउन सफल भए । जसको परिणाम स्वरुप हिजोसम्म एकाधिकार स्वामित्व कायम गर्दै सुख सयलमा जीवन व्यतित गरेका थारु जाति आज पहाडियाको जालझेल, प्रपञ्च तथा कपटपूर्ण व्यवहारमा फसी हिजोका जमीनदार भएपनि आज पहाडियाकै हरुव चरुवा, भूमिहीन कमैया, कमारा कमारीको रुपमा व्यापारिक वस्तु जस्तै खरीद विक्री भई जीवन व्यतित गरिरहेका छन् । वैज्ञानिक चमत्कारी र यसले विकास गरेका यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, आधुनिकीकरण, औद्योगिकरण आदिको प्रभावले रानाथारुकोसांस्कृतिक अवस्थामा विभिन्न परिवर्तनहरु गरिदिएको पाईन्छ । यो रानाथारु जतिको सार्स्कृत्तिक अध्ययन गर्दा रहेका समस्याहरु लाई सम्बोधन गर्ने प्रयास गरिएको छ । ति समस्याहरु यस प्रकार रहेका छन्:

- हिजोका सम्पन्न थारुहरु आज कसरी भूमिहीन किसान र सुकुम्वासी बन्न पुगे भने कुरा अनुसन्धानको विषय वस्तु बन्नु कुनै नौलो कुरा होइन । यिनीहरुको साँस्कृत्तिक अवस्थामा सुधार ल्याउन थारु कल्याणकारी संघको स्थापना भई अनेकौं अधिवेशन सम्पन्न भएका छन् , भूमिसुधार ऐन, कमैया उन्मुलन तथा अन्य विशेष कार्यक्रमहरुको वावजूद पनि उनीहरुको अवस्थामा सकारात्मक प्रभाव नपर्नुको कारण जस्ता तथ्यले अुनसन्धानकर्तालाई यस अध्ययन तर्फ रुची बढेको छ ।
- थारु समुदायको वारेमा मानव शास्त्रीय/समाज शास्त्रीय दृष्टिकोणले खासै अध्ययन भई नसकेको अवस्थामा आधुनिक समाजको बढ्दो शहरीकरणको प्रभावले उनीहरुकोसांस्कृतिक अवस्थामा पारेको प्रभावले अध्ययन भएको छैन ।
- नेपालको मेचीदेखि महाकालीसम्म तराई तथा भित्रि मधेशमा वसोवास गर्ने थारु जातिहरु विच सामाजिक, सांस्कृतिक समरुपता पाइदैन भने अर्कोतिर कृषि क्षेत्रबाट उत्पादित खाद्यान्नले वर्षभरि पेटभरि खान नपुगी साहुको घरमा कबोलेर अधिया, मजदुरी गरेर जीवन निर्वाह गर्नुपर्ने समस्या बढ्दै छन् ।

त्यसरी नै आफ्नो सामाजिक र सांस्कृतिक पक्षबाट विलिन हुँदै गएको अवस्था छ । त्यसैले आर्थिक, सामाजिक दृष्टिले पिछडिएका रानाथारु जातिको समाजमा देखिएका समस्याहरु यथावत छन् । त्यसकारण यस्ता विषयमा समाज शास्त्रीय दृष्टिकोणले अध्ययन गर्न आवश्यक देखिन्छ । यिनै समस्याहरुको सन्दर्भमा अध्ययन गरी प्राप्त तथ्यांकको विश्लेषण गर्दै उनीहरुको साँस्कृतिक बिश्लेषण गरी सुझाव प्रस्तुत गर्न आवश्यक भएको देखी यो अनुसन्धानमुलक सोधकार्य तर्फ सक्रिय भएको हो । यस अध्ययन समस्याकोरुपमा माथिका सोध समस्याहरुको उत्तर दिने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्यः

यस अध्ययनको उद्देश्य भनेको रानाथारुको सामाजिक तथा साँस्कृतिक पक्षको बिश्लेषण गर्नु र यिनीहरुको संरक्षणको लागी भएका पहलका बारेमा जानकारी प्राप्त गर्नु रहेको छ ।
यस अध्ययनले कन्चनपुर जिल्लाका बेलौरी नगरपालिका वडा न ५ रिछाहगाउँका रानाथारु जातिका निम्न विशिष्ट पक्षहरुको अध्ययनमा जोड दिएको छ ।

क) रानाथारु जातिको सामाजिक पक्षको बिश्लेषण गर्नु ।

ख) रानाथारु जातिको साँस्कृतिक पक्षको बिश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्व

नेपालमा विभिन्न जातजाति, भाषाभाषी, धर्मसंस्कृतियुक्त जातजाति छन् । यहाँ निवास गर्ने समग्र जनजातीलाई राज्यको मुल प्रवाहमा समाहित गरी राष्ट्रको सन्तुलित विकास गर्न अत्यावश्यक छ । सांस्कृतिक सम्पदाको धनी भएतापनि आर्थिक पक्षबाट विश्वका अन्य मुलुकहरुको तुलनामा निकै पछाडी परेको छ । विविध संस्कृतिले भरिएको हाम्रो समाजको वास्तविक स्वरुपलाई बुझेर विभिन्न जाति, जनजातिहरुको संस्कृति, मुल्य मान्यता, प्रथा परम्परालाई जोगाइ राख्नु नेपाली समाजको गौरवको विषय रहनुका साथै ति सबै जाति, जनजातिको विकास र उत्थानका लागि उत्साहका साथ सोधखोज कार्य गर्नु समस्त नेपालीकै कर्तव्य ठहर्दछ । जवसम्म नेपली समाज र संस्कृतिलाई वास्तविक अर्थमा बुझ्न सकिंदैन तबसम्म समग्र राष्ट्रको विकासको रथलाई उचित गति र दिशामा हाक्न सकिंदैन । त्यसैले यो सोध नेपाली समाजमा विशिष्ट स्थान राख्ने आदिवासी रानाथारु जातिहरुको साँस्कृतिक पक्षको

अध्ययनमा केन्द्रित रहनेछ जसका आधारमा भोलीका दिनमा यस जातिकासाँस्कृतिवारे अभिरुची राख्ने व्यक्तिहरु तथा स्वयं यस जातिको उत्थानका लागि सहयोग पुग्नेछ ।

नेपाल सरकारले तराईका जिल्लामा मानब बस्ति बिकास योजना लागु गरे संगै रानाथारु जाति यस ठाउँमा आएका हुँदा यीनिहरु संग प्रशस्त मात्रामा जमिन रहेका कारण कमैंया प्रथा संग संलग्नता नरहेको देखिन्छ । जग्गा जमिन प्रशस्त भएका कारण मिहनेत कमगर्ने र सुखि जीबन जिउने प्रचलन रहेको पाईन्छ । बिबाह,श्राद्ध र चाडपर्वमा भड्किलो खर्च गर्ने यो जाति संख्यात्मक रुपमा कम भए पनि सु. प. तराईमा भने अलग पहिचान रहेको छ ।

नेपाल भौगोलिक धरातलीय स्वरुपमा ३ प्रदेशमा बाँडिएको छ । त्यसमध्ये तराई प्रदेश पनि एक हो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको यो प्रदेशका वासिन्दाहरु मध्ये थारुहरु पनि एक मुख्य जनजातिको रुपमा परिचित छ । थारुहरुको आफ्नै मौलिक भेषभुषा, धर्म संस्कृति तथा भाषा, बोली रहेको छ । संस्कृतिको रुपमा निकै धनि रहेतापनि विश्व सामाजिक, आर्थिक रंगमञ्चमा लोकप्रिय हुनसकेका छैनन भने अर्कोतिर यस क्षेत्रमा बिबिध जाति, धर्म, परम्परा, भाषा बोकेका मानिसहरु पनि बसोबासगरेकोले परसंस्कृति ग्रहणको प्रकृयामा रानाथारुहरु सक्रिय हुन पुगेका छन् । जसले गर्दा भावी पिढीहरु आफ्नो परम्परागत संस्कृतिबाट टाढा रहन सक्ने प्रवल सम्भवना बढ्दै गएको छ । विगतदेखि वर्तमानसम्ममा विकासका मार्गमा केही हदसम्म लम्कन खोजेतापनि समग्रमा अहिलेसम्म यिनीहरु पछाडी नै परेका छन् । तसर्थ यि जातिको वारेमा सोधखोज, अध्ययन अनुसन्धान गरी उनीहरुको हैसियतमा बृद्धि गर्नु मौलिक संस्कृति जगेर्ना तर्फ उत्प्रे्रणा प्रदान गर्न तथा राज्यले नै थारु समाजको विकास गर्नका लागि आवश्यक नीति निर्माण गर्ने कार्यमा यो सोधकार्यले मद्दत गर्नेछ ।

यिनै माथिका विषयहरुमा यध्ययनले केही मात्रामा भएपनि उपलब्धी हासिल गरी स्वदेशी तथा विदेशी सोधकर्ता, अध्ययनकर्ताका लागि समेत रानाथारु जाति वारे जानकारी प्रदान गरी उनीहरुको परम्परा, संस्कृतिलाई जगेर्ना गर्न यो अध्ययन महत्वपूर्ण हुनेछ ।

## १.५ अध्ययनको संगठन

यो सोधपत्रलाई छ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा परिचयात्मक भुमिका, समस्याको कथन, अध्ययनको उद्देश्य, महत्व तथा औचित्यलाई समावेश गरिएको छ । दोश्रो अध्यायमा थारु जाति वारे अनुसन्धान गरेका पुस्तक, लेख समावेश गरिएको छ । त्यसैगरी तेश्रो अध्यायमा अनुसन्धान गर्दा अपनाइएका विधि, प्रविधि वा औजारहरुको वारेमा उल्लेख गरिएको छ । चौथो अध्यायमा अध्ययनबाट प्राप्त तथ्यांकको आधारमा अध्ययन क्षेत्रमा वसोवास गरेका रानाथारुको सामाजिक पक्षलाई झल्काउने प्रयास गरिएको छ भने अध्याय पाँचमा सांस्कृतिक अवस्थाको बिश्लेषण गरिएको छ र  अध्याय छ मा अनुसन्धानको सारांश, निस्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भ सामाग्रीको सुची, सोधपत्रको लागि प्रयोग गरिएका प्रश्नावलीहरु अन्तर्वार्ताको लागि तयार पारिएको चेक लिष्ट समावेश गरिएको छ ।

# अध्याय दुई

## सम्बन्धित साहित्यको सिंहावलोकन

नेपाल एउटा आर्थिक रुपमा विपन्न देश भएतापनि सांस्कृतिक रुपमा भने अति सम्पन्न छ। लामो ऐतिहासिक कालखण्डदेखि नै आप्रवासन प्रकृयाका आधारमा नेपाली समाजको निर्माण भएकोले विविध जातीय तथा भाषिक रुपमा विश्वसामु परिचित छ। यही जातीय विविधता भित्रको एउटा महत्वपूर्ण जातिको रुपमा थारु जाति रहेको छ। यिनीहरुका मौलिक चाडपर्व, रितिरिवाज, संस्कृति र परम्परा छन्। सन् १९५१ मा नेपाल, भारत र अमेरिका विचमा भएको त्रिपक्षीय सन्धी पश्चात् औलो उन्मुलन कार्यक्रमको थालनी भएपछि मात्र विभिन्न स्वदेशी तथा विदेशी विज्ञहरुले थारु जातिको वारेमा विभिन्न जिज्ञासा राखी अध्ययन अनुसन्धानको कार्य प्रारम्भ गरेको पाइन्छ।

त्यस्तै थारु शब्दको अर्थ (रक्सी पिउन सक्ने) अर्थात रक्सी पिउन सक्ने क्षमताबाट आश्चर्यचकित भएर तराईका कुनै क्षेत्रीय राजाले थारु नाम दिएका हुन् भनी उल्लेख गरेका छन् (कुक, १९८६:३८०)।

मेची महाकाली पत्रिका (२०३१) मा राजस्थानको थार मरुभुमिबाट आएको हुनाले उनीहरुलाई थारु भनिएको हो भन्ने मत केही विद्वानहरुको रहेको भनि उल्लेख छ।

थारु समुदायको प्राचीनतालाई खोज्दै जाने क्रममा रामायण तथा महाभारतसम्म पुगेको पाइन्छ। रामायणमा भगवान रामचन्द्रले लंकाको राजा रावणलाई पराजित गरी रामकासाथ आएका लंकासेनाहरु पनि थारुहरु नै भएको र तिनीहरु उत्तरतर्फ हुँदै नेपालको नयाँ मुलुकतिर आएका हुन् भन्ने धारणा व्यक्त गरेको पाइन्छ (शर्मा, २०३९:१८)।

त्यसैगरी महाभारतको युद्ध हुनुभन्दा अघि नै जातजाति छुट्याउन नसकिने गरी एकअर्कासंग मिलेकोले मानिस मात्र एक जाति बनेको भनेर जातीय एकतालाई प्रश्रय दिएको पाइन्छ। भारतको बिहार, अयोध्या, गोरखपुर, काशी, मगध, गोण्डा, बहराइच आदि स्थानहरुमा थारुहरु नै रहेका थिए (शर्मा ,२०४४:५)।

थारुहरु राजपुतना मुसलमानको आक्रमण पछि नेपाल आएका हुन्। शत्रुको कब्जामा रहनु भन्दा भाग्नु नै उचित ठानेर थारुहरु आ-आफ्ना नोकरकासाथ नेपाल पसेका थिए। पश्चिम नेपाल स्थित दाङको सुकौरागढमा थारु राजा दंगै भुसाईको पुरानो राजगढको अवशेष अध्यावधि रहेको छ जसबाट नेपाल एकिकरण हुनुभन्दा पहिले थारुहरु राजा समेत भइसकेका थिए भनि उल्लेख गरेका छन् (बिष्ट, २०२९:११८)।

वास्तवमा थारु जाति पहाडभित्र रहेका किरात बोली बोल्ने मंगोलहरुबाट आर्य भाषा ग्रहण गरी अलग जाति बनेको देखिन्छ । मंगोल भएतापनि मंगोलियाबाट सरासर हिमालय भञ्ज्याङ्ग काटेर आउन एकदम असम्भव छ । किनभने छैठौं शताब्दीको अन्त्यमा मात्र हिमालय घाँटी खोलेका थिए । हिमालय पूर्व छेउको ब्रह्मपुत्रको किनारको घाँटी अति प्राचीन युगदेखि खुलिरहेको र त्यहाँबाट आएका मंगोल जातिका शाखाहरु आसाममा र केही पूर्व बंगालमा पुगी त्यहाँका वासिन्दासंग मिसिएको मनुष्यमितिका कसौटीबाट प्रष्ट देखिन्छ । त्यसैले यिनीहरुको म्ल घरको खोजी गर्दा हिमालयभन्दा बाहिर जान सकिंदैन भनि उल्लेख भएको पाइन्छ ( आचार्य, २०१०:१४) ।

थारुहरु आफूलाई तराईको मौलिक र आदिवासी जाति भएको विश्वास गर्दछन् । कसैले थारु आफूलाई कपिलवस्तुको शाक्यवंशसंग सम्बन्धित गराई सिद्धार्थ गौतम बुद्धको पुस्ता मान्दछन् भनि उल्लेख छ (रेग्मी, १९९९:६९) ।

थारुहरु शारीरिक रुपमा मझौला कदका, रंगको हिसाबले केही काला, नाकका पोरा केही चेप्टा, बाक्ला ओठ र कसिएको शरीर हुनुको साथै लोग्ने मानिसभन्दा स्वास्नी मानिस निकै राम्रा देखिन्छन् । पुरुषमा दारी जुँगाको अभाव  हुन्छ भनि उल्लेख गरेको पाइन्छ (शर्मा, २०३९:१८) ।

नेपालका थारु जातिको जनजीवनको वारेमा अध्ययन गरी उनीहरुको चालचलन, विश्वास, मुल्यमान्यताहरुमा शिक्षाको विकास, यातायात, सञ्चार तथा अन्य जातिको सम्पर्कले गर्दा दिन प्रतिनिद परिवर्तन हुँदै आएको विषयलाई उल्लेख गरेको छन् (गौतम, थापा, १९९४:३२८) ।

थारुहरु तराईमा बस्ने सम्भवतः पुरानो झुण्ड हो । यिनीहरु धेरैजसो घना जंगल भएको क्षेत्र नजीक बस्दछन् । प्रायःजसो थारु वस्तीहरु जंगलको विच खाली भएको उष्ण औलोयुक्त क्षेत्रमा पाइन्छन् । जहाँ जंगली जनावर बाघ, भालु, गैंडा, हात्ती तथा विषालु सर्प, विच्छीहरु पाइन्छन् । औलो तथा यिनै जंगली जनावरसंग नजीक रहने परिश्रमी स्वभावका थारुहरु आजको अवस्थामा आएका छन् । खसको वस्ती भएको खसान, लिम्बुको लिम्बुवान, मगरको मगरात भने जस्तै थारुहरुको वस्ती भएको क्षेत्रलाई थारुवान भनिन्छ (बिष्ट, २०२९:११८) ।

वैज्ञानिक परिक्षणका आधारमा थारुहरुलाई डा. मजुम्दारले पनि मंगोल समुदायमा नै राखेका छन् । उनको विचारमा यिनीहरु हेर्दा मंगोल जस्ता देखिन्छन्, आर्य भाषा बोल्दछन्, परापूर्व कालमा बुद्ध धर्म मानेको र पछि हिन्दु धर्ममा समाहित भएका हुन् (रेग्मी, २०३५:११)।

थारुहरुको परिवारको संख्या सालाखाला १० देखि १५ र अधिकतम ४० देखि ५० जनासम्मको हुने कुरा उल्लेख गरेका छन् (रिजाल, २०३५:१७) ।

थारुहरु एकल र प्रायः सानै उमेरमा विवाह गर्दछन् । कन्चनपुरका थारुहरु तथा अन्य केही ठाउँमा पनि विवाह गर्न दुलहीका घरमा २-३ वर्ष केटाले काम गर्नुपर्ने परम्परा रहेको छ भने पूर्वका थारुहरु छोरीको विवाहको लागि छोरीका बाबु बर खोज्न जाने प्रचलन रहेको पाइन्छ । ७-८ वर्षको केटाको लागि १५-१६ वर्षको केटी दिने चलन रहेको पाइन्छ (बिष्ट,सन १९७२:१८) ।

मृत्यु संस्कारको सम्बन्धमा पूर्वका थारुहरु मृतकलाई नदी किनारामा दाहसंस्कार गर्दछन् । सुदूरपश्चिमका थारुहरु लोग्ने मानिसलाई घोप्टो पारेर तथा स्वास्नी मानिसलाई उतानो पारेर गाड्ने गर्दछन् भनि उल्लेख गरेका छन् (शर्मा, २०३९:४१९) ।

राना थारुहरुको आर्थिक व्यवसायिक रुपमा सवल नहुनुका साथै व्यापक मदिरा पिउने हुनाले सधैं ऋणमा परिरहेका छन् । पहाडबाट आउने चलाख पहाडियाहरुको कारण दिन प्रतिदिन ऋणमा डुब्दै क्रमशः सुकुम्वासी बनेका छन् । माछा मार्ने, घुँगी छोप्ने जस्ता कृयाकलापमा ज्यादै अभिरुची राख्ने यो जाति घरभित्रको काममा महिला तथा घर बाहिरका कडा कामहरुमा लोग्ने मानिसहरु संलग्न हुन्छन् । खेती किसानी गरी जीवन यापन गर्ने यो जाति समग्रमा अहिले सुकुम्बासी बन्दै गइरहेको छ । यो अवस्थालाई पश्चिम नेपालमा कमैया भनिन्छ भने अन्य क्षेत्रमा हरुवा चरुवाका नामले चिनिन्छ (प्याकुरेल, १९८२:६-११) ।

थारुहरु प्रायः तले घरमा बस्दैनन् । किनभने यिनीहरुलाई भुत्वा नामक देवताले सताउने गर्दछ भन्ने जनविश्वास रहेको छ (दाहाल, २०५८:१८०) ।

थारुजातिको वारेमा जे जति लेख, शोधपत्र, पुस्तक आदि प्रकाशनमा आएतापनि उनीहरु को थिए?कहाँबाट कसरी आए? उनीहरुको पुर्खा को थियो? आदि जस्ता कुराहरुको टुंगो लाग्न सकेको छैन । विभिन्न विचारकहरु आफ्नो विचार भिन्ना भिन्नै बताउँछन् । त्यसैले गर्दा थारुजातिको वारेमा अझैपनि निरन्तर खोजी हुनपर्ने देखिन्छ । थारुहरु राजपुतना मुसलवानको आक्रमण पछि नेपाल आएका हुन् । शत्रुको हातमा पर्नु भन्दा बरु भाग्नु निको मानी उनीहरु आ-आफ्नो नोकरका साथ लागी नेपाल पसेको थिए (बिष्ट, १९७६ : ११९) ।

राजपुताना मेवाडका एकजना महाराजलाई राणा भनिने गरिन्थ्यो र पछि गएर बाऱ्हौं शताब्दीतिर उक्त स्थानमा मुसलवानहरुले आक्रमण शुरु गरेकाले घरका आइमाईहरुलाई सुरक्षाको लागि नोकरहरुको साथ लगाई उत्तर पहाडको जंलमा पठाए । लामो समयसम्म पनि आफ्ना लोग्नेहरु नफर्केकाले त्यहाँका निम्न जाति र नोकर चाकरलाई लोग्नेको रुपमा स्विकार गरी बस्न थाले । पछि तिनैबाट जन्मेका सन्तानहरु नै थारु कहलिए । तसर्थ मेवाड महाराजा

राणाको प्रभाव थारुजातिको राना थरमा अझपनि कायम भएकाले आफ्ना स्वास्नीहरुलाई रानी भन्ने गर्दछन् (शर्मा, २०३९ : ४१५) ।

कुनै वेला बृज्जी गणतन्त्रले कपिलवस्तुको हाराहारी दक्षिणमा पूर्वदेखि पश्चिमसम्ममा करीव ८०० माइल लम्बाई क्षेत्रमा आफ्नो जग बसालेको थियो र जसको राजधानी पहिले बैशालीमा कायम थियो । त्यसवेला भगवान बुद्धको जन्मभुमि कपलिवस्तुतिर बस्ने शाक्य वंशको पनि कम वोलवाला थिएन । त्यही समयमा बृज्जी गणतन्त्रले पूर्वदेखि पश्चिम घाँच र भित्री मधेशमा आफ्नो जरो बलियो गरी फिजायो र तिनीहरु नै पछि गएर थारु कहलिए (शर्मा र मल्ल, २०१४: १४१) ।

कोही भने राजस्थानको थार भुमिबाट आएको हुनाले उनीहरुलाई थारु भनिएको हो भन्ने मत राख्दछन् (मेचीमहाकाली, २०३१: १९४१) ।

राजस्थानको थार भुमिबाट आएको हुनाले थारु भनिएको हो भन्ने भनाइमा बाबुराम आचार्य भने सहमत छैनन् । उनका अनुसार राजस्थानमा थार भुमिलाई ढाट भनिने हुनाले उनीहरु यदि त्यहीबाट आएको भए थारुको सट्टा ढाट भनिन्थ्यो । यस बाहेक आचार्य थार मैदानमा कुनैपनि जातिको पनि वसोवास नरहेको कुरा व्यक्त गर्दछन् (आचार्य, १९६७ : ३६) ।

वास्तवमा थारुहरु भारतबाट सिधै नेपाल पसेको नभई भारतको रेगिस्तानबाट उत्तर प्रदेश, बिहार आदिबाट बसाई सरी आएका हुन् । त्यसवेला राज्य प्रशासनमा बसेका अधिकारीहरुले बालक राजाको पञ्जा छाप लगाई सन्धी गरी सत्ता प्राप्त गर्ने गर्दथे । त्यसै कारणले उनीहरु नेपाल आएका थिए भन्ने मत तेजनारायण पञ्जियारले राखेका छन् (पञ्जियार, २०४९) ।

थारुजातिको उत्पत्ति खोज्दै जाँदा ब्रेन एच हड्सनले थारुजाति पहाडभित्र रही किराँत भाषा बोल्ने र ब्रहमपुत्र हिमालयका दक्षिण छेउको वारपारसम्म फैलिएर पुरानो जातिसंग मिसिएको जाति भनेका छन् । यसरी थारुजातिको इतिहास ३००० वर्ष पुरानो रहेको कुरा हड्सनको स्थलगत अध्ययनबाट थाहा पाईन्छ (गौतम, २०४४:५) ।

थारु शब्दको उत्पत्ति सम्बन्धमा थारुजातिको इतिहास तथा संस्कृतिका लेखक टेकनाथ गौतमले “स्थाणु” शब्दको अर्थ “थारु” मानेका छन् । यसैलाई आधार मान्ने हो भने अंग्रेजीमा “एंलो” चिनियामा “सिनो” भारतमा “इंडो” भने झैं संस्कृत शब्दहरु “थान” “स्थल” मान्न सकिन्छ । संस्कृत व्याकरणमा “थर्व” धातु (पुलिङ्ग) एक वचनमा “थवा” बहु वचनमा “थर्वाण” र स्त्रीलिङ्गमा “थर्वेणी” मानेर नेपाली भाषामा थर्वाणबाट “थारु” र थर्वेणीबाट “थरुनी”

भनिन्छ । थारु भाषामा थर्वालाई धेरै जनाएकोले एक ठाउँबाट अर्को ठाउँमा सर्ने, स्थायी वसोवास बनाएर नबस्ने खालको भन्ने अर्थ लगाउन सकिन्छ (गौतम, २०४४ :५) ।

थारुजातिको उत्पत्ति मंगोल समुदायबाट भएको कुरा ऋषि केशब राज रेग्मी, मजुमदार, रावी र महाला नेबिसले सन् १९४१ मा थारुको रक्त परीक्षण गर्दा मंगोलिइन लक्षण फेला परेको भनेका छन् । मातृका प्रसाद कोइरालाले “थारु” शब्दको उत्पत्ति “स्थबिर” बाट “थउर” “थो” आदि अपभ्रंश हुँदै “थारु” भएको हो भनेका छन् (शर्मा र मल्ल, २०१४ : ४-५)

जनकलाल शर्माले बृज्जी गणतन्त्रको शाक्यवंशको प्रभाव नेपालको इतिहासतिर परेकाले पछि यिनै शाक्यहरु थारु भए (शर्मा, २०४४ : ३९९) ।

इमानसिंह चेमजोङ र प्रेम बहादुर लिम्बुले थारुहरुलाई कोच वंशको किरात शाखा मानेका छन् (शमां, २०४४ : ५) ।

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म वसोवास गर्ने थारुजातिको उत्पत्तिको कुरा अझैपनि रहस्यमय नै छ । कति विद्वानहरु यो जातिको पुर्खा मंगोलियन मान्दछन् भने कति राजपुतका वंशज मान्दछन् । थारु को हुन र कहाँबाट आए भन्ने वारे अझै पनि निश्चित प्रमाण फेला परेको छैन (ढुंगाना, २०४५ : १४) ।

इतिहासकार र आधुनिक लेखकहरुले केही शारीरिक लक्षणको आधार मानेर थारुहरुलाई मंगोल मुलको बताएका छन् । आकृति, नाक, गालाको हाड, खप्पर, दाऱ्ही जुँगा आदि समान रुपले मिल्ने जातिको आधारमा नाम राख्न उचित होला तर थारुजातिमा यि कुराको समानता पाइदैन । काला गोरा अग्ला होचा चुच्चो र थेप्चो नाक भएको गालाको हाड उठेको/बसेको जस्था विभिन्न थरी खप्पर भएका थारुहरु पाइन्छन् । यस्तो देख्दा देख्दै पनि केही थारुहरुले आकृतिलाई लिएर मंगोल वंशको भन्नु उचित देखिँदैन (गौतम, २०४४ : ८४)।

अवध गजेटियरका अनुसार “थारु” को अर्थ “टहरे” अर्थात आएर बस्ने हो । अर्थात तिनीहरु तराईमा आएर बसेको हुनाले थारु भनिएको हो । कुकले थारुशब्दको अर्थ रक्सी पिउने क्षमताबाट आश्चर्य मान्दै तराईका कुनै राजाले थारु नामाकरण गरेका थिए भनेका छन् ( तुलाधर, २०४५ : १६) ।

थारुजातिको उत्पत्तिको वारेमा विभिन्न विचारकहरु भएपनि वैज्ञानिक अनुसन्धानको आधारमा थारुहरु मंगोल समुदायका नै हुन् । उनीहरुको रुप, रंग केवल जलवायुद्वारा प्रवाहित भएको मात्र हो । डा. मजुमदारले पनि शारीरिक नापमा एन्थ्रोपोमेट्रिक तथा रक्त अध्ययनको आधारमा पनि थारुलाई यसै समुहमा राखेका छन् (रेग्मी, २०३५ : ८०) ।

HH RESLEY नामक पश्चात्य लेखकले People of India भन्ने पुस्तकमा मुल थारुजाति मंगोल हैनन् केही थारुहरुमा मंगोल लक्षण पाउनुको कारण थारु स्त्रीहरु यौन सम्बन्धमा अनियन्त्रित हुनु हो भन्ने कुरा लेखिएको छ (गौतम, २०४४ : ६) ।

थारुजाति मझौला कदको औसत उचाई ५ फिट २ इन्च, रंगमा गहुँ गोरो, नाक केही चेप्टो, बाक्लो ओठ र कसिलो बलिष्ठ जीउको बनावट भएको हुन्छ । पुरुषहरुको दाह्री जुँगा कम हुन्छ अर्थात थारुजातिको शारीरिक बनावट किराँत जातिको जस्तो हुन्छ (मेचीमहकाली, २०३९ : २४९) ।

थारुजातिको सामाजिक जीवन र संगठनको केन्द्रविन्दु नै परिवार हो । आमाबाबुको सन्तानोत्पत्तिको स्थायी खाँचो परिपुर्ति पछि एउटा स्थायी परिवारको श्रृजना हुन्छ । तसर्थ परिवारमा रहने छोरा छोरी, आमाबाबु आदिको संयुक्त योजनाबाट वास्तविक परिवार हुन्छ । थारु समाज पनि पितृ प्रधान र वंशानुक्रमको सिलसिलामा पनि पुरुषको थर वा गोत्रबाट नै प्रारम्भ गरिन्छ । साधारणतया कोशीका सबै थारुहरु पितृ प्रधान छन् (रेग्मी, २०३५ : ११६) ।

प्रायः थारुहरुको विवाह सानै उमेरमा हुन्छ । ८-९ वर्षको केटाको लागि १५-१६ वर्षको केटी खोजेर विवाह गरिन्छ । थारुहरु मृत्यु संस्कारलाई जीवन चक्रको प्रमुख घटना मध्ये एक मान्दछन् । पूर्वका थारुहरु मृतकलाई नदी किनारमा दाहसंस्कार गर्दछन् । सुदूरपश्चिमका थारुहरु लोग्ने मानिसलाई घोप्टो पारेर गाड्दछन् भने स्वास्नी मानिसलाई उतानो पारेर गाड्दछन् । पुरहोहित भने आफ्नो जातको बाहेक ब्राह्मणलाई पुरोहित लगाउने गर्दछन् । यसरी ब्राह्मण पुरोहित लगाउने थारुहरु मृत्यु भएको तेऱ्हौं दिनसम्म अन्य हिन्दुहरुले झैं काज किरिया गर्दछन्  (शर्मा, २०३९ : ४१९) ।

“खेती नै थारुहरुको मुख्य पेशा भएतापनि पशुपालन, माछा मार्ने, शिकार खेल्ने गर्दछन् । औंशी र पूर्णिमामा खेत नखन्ने चलन छ, धान पाकेपछि न्वागी खाने र भित्र्याउने गर्दछन् । कमाइको अधिया (बटैया) मा ३ खुट (३ खण्ड जमीनदारले लिने) चलन छ । यि जातिको हातमा सिप हुन्छ” (पाण्डे, २०५५ : ८१) ।

“झाँगा तिर्ने विवाहमा छोरी जन्मनु, आर्थिक श्रोत बलियो हुने मान्थ्यो । उक्त विवाह केटा पक्षले केटी पक्षलाई चामल ५० पाथी, तेल १ धार्नी, कपडा ५ मिटर र रकम रु.५०० बुझएपछि मात्र विवाह हुने प्रचलन छ” (थारु, २०५५ : ३९) ।

थारुहरुको विशिष्ट सामाजिक चलन विहावारी हो । थारुहरुका लागि छोरी भारस्वरुप हुँदैनन् । छोरीहरुको विवाह गर्दा वर पक्षबाट कन्यालाई रुपियाँ प्राप्त हुन्छ । थारुका छोरीहरु आम्दानी जस्तै हुन्छन् । छोरीहरुको नैतिकतामा त्यति थारुहरु पुर्पच्छे गर्दैनन् । उनीहरुको भनाइमा छोरी

अर्काको घर जाने भएर हो, बुहारीहरु भने अर्काका घरकी चेली बेटी हुनाले बडो उत्तरदायी हुन्छन् । थारुहरुको विहेवारी आफ्ना आफ्नै श्रेणीमा नै हुन्छ । थारुका चेली बेटी अरु जातका मानिसले लगेमा त्यसलाई आफ्नो जातिबाट बहिस्कृत गर्दछन् । थारु समाजमा पतिया हुने गर्दछ (बराल, २००९ : ४९-५०) ।

यसरी विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरुले नेपालको तराई तथा भित्री मधेशमा वसोवास गर्ने आदिवासीको रुपमा परिचित थारु जातिको उत्पत्ति, विकास, वसोवास, रहन सहन, भेषभुषा, सामाजिक/सांस्कृतिक अवस्थाको वारेमा अनुसन्धान गरेको भएता पनि रानाथारुहरुको सामाजिक तथा साँस्कृतिक पक्षमा खासै अध्ययन नभएको भएर नै राना थारुको सामाजिक तथा सांस्कृतिक पक्षको एक अध्ययनको लागी कन्चनपुर जिल्ला, बेलौरी नगरपालिका वडा न ५ रिछाहमा बसोबास गरिरहेका राना थारुहरुको छनौट गरी अध्ययन गरिएको हो ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट

रानाथारु जाति नेपालको सुदूर पश्चिमका दुई जिल्ला कैलाली र कंचनपुरमा बसोबास गरिरहेको एउटा जनजाति हो। संस्कृतिका धनि मानिने रानाथारु हालको समयमा बिभिन्न कारणहरुले गर्दा बिकासको मूल धारमा समेटिन सकिरहेका छैनन् र यो समुदायको प्रगति निकै मन्द गतिमा भईरहेको छ ।आफुसंग भएको अमूल्य सँस्कृति र सामाजिक रितिरिवाज लाई संरक्षण गर्न नसकिरहेको अवस्था छ । यस समुदायलाई सबै नेपाली माझ परिचित गराउन र राम्रा संस्कृतिक र सामाजिक मूल्य मान्यता लाई बचाई राख्न सरकारी एवं गैर सरकारी निकायको ध्यान यस रानाथारु समुदाय माथि परोस भन्ने उद्देश्यका साथ बेलौरी नगरपालिका ५ रिछाहा गाउँ लाई छनौट गरिएको हो ।

शोधकर्ताले यसै स्थानलाई नै छनौट गर्नुका कारणहरु देहाय बमोजिम रहेका छन्:

- यस जातिका वारेमा विभिन्न शोधकार्य भएको भए पनि यहाका रानाथारुहरुको वारेमा अध्ययन नभएको ।
- अनुसन्धानकर्ताको जन्मथलो र कर्मथलो भएको हुनाले लामो समयदेखि नै यहाँ वसोवास गर्ने रानाथारुहरुसंग उठवस हुँदै आएकाले औपचारिक रुपमा उनीहरुको सामाजिक तथा साँस्कृतिक अवस्थाको अनुसन्धान गर्दै विश्लेषण गरी वास्तविकता पत्ता लगाउन यो गाउँलाई छनौट गरिएको हो ।
- रानाथारु जातिको संस्कृति, भेषभुषा, भाषा, शैक्षिक स्थिति, आर्थिक अवस्था आदिमा समेत परिवर्तन आई मौलिकतामा परिवर्तन हुन थालेकोले सोको विश्लेषण गर्ने हेतुले यो क्षेत्र छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धान कार्यमा मुलतः वर्णनात्मक शोध योजनालाई प्रयोग गरिएको छ । वर्णनात्मक प्रकृतिबाट रानाथारु जातिकोसांस्कृतिक पक्षको व्याख्या विश्लेषण तथा परिवर्तनको स्थितिलाई सकेसम्म गहन अध्ययन गर्नु यस शोधपत्रको मुख्य चासोको विषय रहेको छ । संख्यात्मक तथा गुणात्मक आँकडा संकलनको लागि स्थलगत अध्ययन नै बढी सान्दर्भिक हुन जाने हुनाले त्यसैलाई नै बढी प्राथमिकता दिइएको छ । शोधकार्यका प्रत्येक चरणलाई

योजनाबद्ध ढाँचामा तहगत रुपले अध्ययन गरी आएको निस्कर्षबाट अध्ययन विषयको विविध पक्ष वारे जानकारी दिइएको छ ।

## ३.३ अध्ययनको समग्रता तथा नमुना छनौट विधी

बेलौरी नगरपालिका कार्यालयका अनुसार यस नगरपालिकाको वडा नं. ५ दक्षिण रिछाहा गाउँमा रानाथारु जतिको २३२ घरधुरी रहेका छन् । यस अध्ययन कार्य का लागीउपरोक्त रानाथारुहरुको घरहरु मध्ये सुबिधाजनक नमुना छनौट विधीबाट ५८ घरधुरी लाई छानिएको छ जुन कुल घरधुरीको २५% प्रतिशत हुन आउछ । यिनैं प्रत्येक घरधुरीका१-१ जनालाई उत्तरदाताकोरुपमा छनौट गरिएको छ ।

## ३.४ तथ्यांकको प्रकृति र स्रोत

यो अध्ययन क्षेत्र सर्वेक्षणबाट प्राप्त गुणात्मक र संख्यात्मक सुचनामा आधारित छ । यस अध्ययनका लागी आफैले समुदायमा गई छनौट भएका उत्तरदाताहरुसँग अन्तरवार्ता लिई अवलोकन तथा छलफल गरि प्राथमिक तथ्यांक संकलन गरिएकोछ । केहि तथ्यांक भने अप्रकासित लेख ,पुस्तक ,प्रतिवेदन आदीबाट लिइएको छ ।यो शोधकार्यमा गुणात्मक तथा संख्यात्मक दुवै प्रकारका तथ्यांकहरु समावेशगरिएका छन् । प्राथमिक तथा द्वितियक श्रोतलाई उपयोग गरी प्राथमिक र द्वितिय तथ्यांक प्रयोग गरिएको छ ।

## ३.५ तथ्यांक संकलन विधि

सामान्यतया अनुसन्धानमुलक शोधमा तथ्यांक संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्यांक संकलन विधिलाई प्रयोगमा ल्याइने गरिन्छ । यस शोधमा प्राथमिक तथा द्वितीय दुवै प्रकारका तथ्यांक संकलन विधिलाई अपनाइएको छ ।

### ३.५.१ प्राथमिक तथ्यांक संकलन

प्राथमिक तथ्यांक संकलनको लागि स्थलगत अध्ययनमा प्रश्नावली, अन्तर्वार्ता, अवलोकन जस्ता विधिहरु अपनाई तथ्यांक संकलन गरिएको छ ।

**क) अन्तरवार्ता अनुसुचि**

यस अध्ययनको क्षेत्र रहेको वडा नं. ५ मा बसोबास गर्ने रानाथारु जातिका २३२ घरधुरी मध्ये ५० घरधुरीका उत्तरदाताहरुसंग शोधकर्ता आफैले भेटेर अन्तरर्वार्ता अनुसुचि मार्फत रानाथारु जातिको साँस्कृतिसँग सम्बन्धितबिबिध महत्वपूर्ण तथ्यांक संकलन गरिएको छ । (अनुसुची १)

**ख) मुख्य जानकार व्यक्ति सँगको अन्तरवार्ता**

जानकार ब्यक्तिहरु (बुद्विजिवी, शिक्षक, ब्यापारी, किसान, प्राध्यापक तथा बिभिन्न पेशामा संलग्न अनुभवि र जानकार थारु ब्यक्ति) मध्ये पाँच जनासँग अन्तरवार्ता सूचीको मद्दतले अन्तर्वार्ता विधिको प्रयोग गरी थारु जातिको इतिहास, संस्कृति, परम्परा, भूत/वर्तमानमा भएको परिवर्तन, जीवन प्रकृया आदि वारेमातथ्यांक संकलन गरिएको छ । ( अनुसुची २)

**ग) अवलोकन**

प्रत्यक्ष अवलोकन विधिबाट प्राप्त हुने जानकारी तथा तथ्यांकबाट निकालिएको निस्कर्ष बढी प्रमाणिक र विश्वसनिय हुनेछ भन्ने विश्वास लिइएको छ । यसका लागि शोधकर्ता स्वयं अध्ययन क्षेत्रको प्रत्यक्ष अवलोकन गरेर रानाथारु जातिको दिनचर्या, वानी व्यहोरा, खानपनि, रहन सहन, सरसफाई, जस्ता विविध पक्षवारे अवलोकन विधि अपनाई तथ्यांक संकलन गरिएको छ ।

### ३.५.२ द्वितीय तथ्यांक संकलन

अनुसन्धानको क्षेत्र व्यापक हुने हुनाले सबै प्रकारका तथ्यांक प्राथमिक विधिबाट मात्र लिन कठिन पर्दछ । तसर्थ यस शोधमा पनि प्राथमिक विधिका साथसाथै सरकारी तथा गैरसरकारी संस्था, व्यक्ति, केन्द्रीय तथ्यांक विभाग, सम्बन्धित नगरपालिकामा रहेका अभिलेख, पत्रपत्रिका, लेख, रचना आदि जस्ता द्वितीय श्रोतहरुको व्यापक उपयोग गरिएको छ । अध्ययनमा स्वदेशी तथा विदेशी लेखकहरुद्वारा तयार पारिएको पुस्तक प्रतिवेदनका साथै विभिन्न विद्वानहरुद्वारा लिखित शोधपत्रलाई पनि श्रोतको रुपमा प्रयोग गरिएको छ । खासगरी द्वितीय तथ्यांकको श्रोत संकलनबाट उपलब्ध गरी जानकारीमा आधारित छ ।

### ३.६. तथ्यांकको विश्लेषण र प्रस्तुतीकरण

अध्ययन अनुसन्धानको सफलताका लागि संकलन गरिएको आँकडाहरुको व्यवस्थित विश्लेषण तथा प्रस्तुतीकरणमा भरपर्ने हुनाले रानाथारु जातिको सामाजिक तथा साँस्कृतिक पक्षको अध्ययनको लागि संकलन गरिएका आँकडालाई सुव्यवस्थित ढंगले आवश्यक अध्यायहरुमा विभाजन गरी सम्बन्धित पक्षसंग सम्पर्क गरी उपयुक्त शिर्षक राखी प्रस्तुत गरिएको छ । संकलन गरिएको तथ्यांकलाई तथ्यांकशास्त्रका विधि प्रयोग गरी तालिकीकरण गर्ने, प्रतिशत निकाल्ने र बृत्तचित्रमा प्रस्तुत गरिएको छ । प्राप्त तथ्यांकलाई सकेसम्म सरल भाषामा बुझ्न सकिने गरी प्रस्तुत एवं विश्लेषण गरिएको छ ।

## ३.७. अध्ययनको समस्या वा सीमाहरु

रानाथारु जातिको साँस्कृर्तिक अवस्थाको विश्लेषण गरी उनीहरुको उत्थानको लागि सुझाव प्रस्तुत गर्ने जमर्को गरिएको भएतापनि अध्ययन कार्यको लागि विभिन्न सीमा तथा अप्ठ्यारा परिस्थितिहरु अवश्य रहेकाछन् । यो शोधयसै क्षेत्रमा मात्र सिमित रहेको र तथ्यांक संकलन पनि यही भित्रका रानाथारु परिवार भित्र मात्र रहेको हुनाले यसबाट निस्केको निस्कर्षले नेपालका समग्र रानाथारुहरुको प्रतिनिधित्व गर्न सक्दछ भन्न सकिंदैन । त्यसैगरी तराईका विभिन्न जिल्ला तथा क्षेत्रहरुमा वसोवास गर्ने रानाथारुहरुको आफ्नै प्रकारका जीवन यापनका तरीका, परम्परा हुने भएकाले यस क्षेत्रका रानाथारु जातिको गहन अध्ययन केवल साँस्कृतिक अवस्थालाई मात्र बनाइएको हुनाले अन्य पक्षवारे पर्याप्त तथ्यांक समावेश नभएको हुन सक्दछ ।

यो एउटा स्नातकोत्तर तहको आंशिक पाठ्यक्रम परिपुर्तिको लागि गरिएको अनुसन्धान भएकोले यसले सैद्धान्तिक रुपमा रानाथारु जातिको सबै पक्षलाई समेट्न सकेको छैन ।

# अध्याय:चार

# सामाजिक अबस्था

## ४.१ रानाथारुको परिचय

नेपालमा बसोवास गर्ने ५९ जनजातीहरु मध्ये थारु जाती एक हो । नेपालको भित्री मधेश तथा तराई क्षेत्रमा थारुहरुको बसोबास रहेको पाइन्छ । कालो वर्णका मंगोलियन उत्पत्तिका जस्ता देखिने थारुहरु आज नेपालको पूर्व मेचिदेखि पश्चिम महाकाली सम्मको तराई क्षेत्र चुरे तथा महाभारत पर्वत विचको भित्रि मधेशमा समेत छरिएर रहेका छन् । तराईका आदिवासीका रुपमा परिचित थारुहरु कूल नेपलको जनसँख्या २,६४,९४,५०४, को (६.७५%) प्रतिशत अर्थात १७७५१३१ रहेको देखिन्छ् (केतबि,२०६८)।

रानाथारुसमुदायका मानिसहरु बाहिरबाट अन्य जात तथा समुदायका मानिसहरु बसाई सरेर नआउन्जेलसम्म फरक फरक रुपमा डफ्फा जस्तो गरी गाउँको निर्माण गरी बसोवास गरेको पाइन्छ । करीव १देखि २ कि.मि. को फरकमा झुम्माझुम्म रुपमा घरहरु निर्माण गरी बसोवास गरेका क्षेत्रहरुलाई गाउँ ब्लक भनिन्थ्यो । तर औलो उन्मुलन पश्चात् तिव्र बसाई सराईको क्रम बढ्न थालेपछि आधुनिकिकरणको प्रभावले गर्दा आधुनिक घरहरु निर्माणले गर्दा परम्परागत शैलीमा निर्माण गरिएका घरहरुमा परिवर्तन देखा पर्न थालेको छ भने परम्परागत शैलीमा निर्माण भएका थारु समुदायका मानिसहरुका घरहरु जहाँ रानाथारुहरुको मात्र बस्ती रहेको थारु गाउँहरुमा अन्य समुदायका मानिसहरुको प्रवेशका कारणबाट पनि यस्ता रानाथारु गाउँहरुको अस्तित्व मेटिने अवस्था पुगेको देखिन्छ ।

गाउँमा आइपरेको कुनैपनि समस्यालाई स्थानिय गुरौको परामर्शमा जमीन्दारको अगुवाईमा सामुहिकरुपमा सबैले मिलेर समाधान गर्ने प्रयास गर्दछन् साथै गाउँमा कसैलाई कुनै समस्या परेमा सबै थारुसमुदायका मानिसहरु मिली समाधान गरिदिने प्रचलन छ । तर हाल आएर शिक्षाको विकासको कारणबाट थारु समुदायका मानिसहरु शिक्षित व्यक्तिसंग परामर्श लिई आफ्नो समस्या समाधान गर्न लागेको देखिन्छ । खेतीपाती, सामाजिक कार्यहरुमा एकले अर्कोलाई सहयोग गरिदिने प्रचलन यहाँका थारु समुदायमा रहेको पाइन्छ । यस्ता अनेकौं प्रकारका उदाहरणहरु थारु समुदायमा प्रशस्त मात्रामा देख्न पाइन्छ ।

गाउँका सबै व्यक्ति तथा परिवारका सदस्यहरु विच घनिष्ट सम्बन्ध हुन्छ । गाउँलेहरु विच आपसमा एक माध्यमको रुपमा राम्रो सुमधुर सम्बन्ध कायम राखिराख्नका लागि प्रत्येक गाउँमा एउटा जिमिन्दार हुन्छ । यस गाउँको नेतृत्व जिमिन्दारले गरेको हुन्छ । यसको लागि गाउँका सबै घरमुखियाहरु एकै ठाउँमा भेला हुन्छन् र ति मध्ये एकजनाले कसैको प्रस्ताव राख्दछ र त्यसैलाई सबैले समर्थन गर्दछन् । तर यस्तो छनोट भने हरेक वर्ष नभई आवश्यक परेको वेलामा मात्र हुन्छ । महत्व शब्दको उत्पत्ति बारेमा डा. द्रोणप्रसाद रजौर १९७८ लेख्नुहुछ । मुगल कालीन भारतमा मोदकम् भन्ने गाउँको इन्चार्ज हुन्थ्यो । नेपालको कन्चनपुरमा पनि अठारौं शताब्तीमा मोदकम्हरु थिए । तर यसरी प्राचीन कालदेखि चलिआएको यस किसिमको प्रथा शिक्षाको विकासको कारणबाट हाल प्रचलनमा रहेको देखिँदैन । यसरी हेर्दा प्राचीन रानाथारु समुदायका मानिसहरुको रितिस्थिति, परम्परा, चलन, मुल्य, मान्यताहरु नयाँ रुपमा विकसित हुँदै गएको पाइन्छ ।

## ४.२. उतरदाताको लिङ्गीक अबस्था

जनसंख्या सामाजिक अवस्था के  कस्तो रहेको छ भनेर देखाउने एउटा ऐना हो । जसबाट जन्म दर, मृत्यु दर, आश्रित दर, परिवारको किसिम, लिङ्ग अनुपात सहजै थाहा पाउन सकिन्छ । अध्ययन क्षेत्रका उत्तरदाताको लिङ्गीक आधारमा  पुरुष र महिलाहरुको अबस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १**

**उतरदाताको लिङ्गीक अबस्था को विवरण**

| क्र.सं | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | १८ | ३१ |
| २ | पुरुष | ४० | ६९ |
| जम्मा | | ५८ | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार अध्ययनकोलागी छनौट भएका जम्मा ५८ उत्तरदाताहरु मध्ये महिला १८ अर्थात ३१ % र पुरुष ४० अर्थात् ६९ % रहेका छन् ।

यसबाट के स्पष्ट हुन्छ भने उतरदाताहरु मध्येमा महिलाहरुको सँख्या पुरुषको तुलनामा कमी छ ।

## ४.३उत्तरदाताको वैवाहिक अबस्था

मानिसको जीवनका अनेकौं संस्कार मध्ये बिवाह पनि एक महत्वपूर्ण संस्कार हो । समाजमा पुरुष र महिलालाई बिवाहपछि मात्र पूर्ण व्यक्ति हुन्छ भन्ने धारणा राखिन्छ । नेपाली समाजमा बिवाहलाई व्यवहारिक जीवनको शुरुवात मानिन्छ । विवाह एउटा यस्तो संस्था हो जसले महिला र पुरुषलाई पारिवारीक जीवनमा प्रवेश गराउँदछ । मानवलाई निश्चित यौन सम्बन्धको आधारमा पारिवारीक जीवनमा प्रवेश गराउने प्रक्रिया नै विवाह हो । विवाहबाट नै आफ्नो वंश कायम राख्ने भएकोले समाजले विवाहलाई महत्वपूर्ण रुपमा हेरेको पाईन्छ । उतरदाताहरुको बैबाहिक अबस्थालाई तालिकामा देआउन सकिन्छ ।

**तालीका नः२**

**उत्तरदाताको बैबाहिक अबस्था**

| क्र. सं. | बैवाहिक अबस्था | उत्तरदाताकोसंख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | बिबाहित | ३० | ५२ |
| २ | अबिबाहित | २८ | ४८ |
| जम्मा | | ५८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकाबाट स्पष्ट देखिन्छ कि जम्मा छनौट भएका ५८ उतरदाताहरुमध्ये ३० अर्थात ५२प्रतिशत% बिबाहित छन् भने अबिबाहितको सँख्या २४ वा ४८प्रतिशत% रहेको छ ।अबिबाहित भन्दा बिबाहित उत्तरदाताहरुको सँख्या बढी रहेको देखिन्छ ।

## ४.४उत्तरदाताको परिवारको किसिम

परिवार सबैभन्दा महत्वपूर्ण सामाजिक समूह हो । यसमा  बुवा, आमा र एक वा धेरै सन्तानहरु हुन्छन् । यी सबैले मिलेर एक अर्काको रक्षा गर्दछन् । रगत र

वैवाहिक सम्बन्धसंग जोडिएका सदस्यहरुको समूह नै परिवार हो । बालबालिकाहरुले सम्पूर्ण सामाजिकीकरणका कुरा परिवारबाट नै सिक्ने भएकाले परिवारलाई मानवहरुको पहिलो पाठशाला पनि भन्ने गरिन्छ ।

सामाजिक संस्थाहरुमा परिवार एउटा मौलिक एंव सार्वभौमिक वा सर्वव्यापी सामाजिक संस्था हो । अध्ययन क्षेत्रका उत्तरदाता रानाथरुहरुको पारिवारीक सँरचनालाई तालिकामा देखाइएको छ ।

**तालिका नः ३**

**उत्तरदाताको परिवारको किसिम**

| क. सं. | परिवारको आकार | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | ५१ | ८८ % |
| २ | संयुक्त परिवार | ७ | १२ % |
| **जम्मा** | | **५८** | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका रानाथरुहरुमध्ये ५८ घर अर्थात छनौट भएका उत्तरदाताहरु माध्ये ८८% एकात्मक परिवारमा र ७ घर अर्थात् १२ % घरसंयुक्त परिवारमा रहेका छन् । रानाथारु जातिमा एकात्मक परिवारका संख्यामा भएको बृद्धिबाट रानाथहरुमा आधुनिकीकरणले छोएको पुष्टी हुन्छ । संयुक्त परिवार हुँदा आर्थिक व्ययभार बढ्ने, आफुले रोजेको कार्य गर्न समस्या पर्ने, स्वतन्त्रतामा बन्देज लाग्ने जस्ता कारण पनि परम्परागत रुपमा रहदै आएको पाइन्छ । यहाँ संयुक्त परिवार टुक्रिएर एकल परिवार बृद्धि हुन थालेको देखिन्छ । स्थलगत भ्रमणका बेला कतिपयमा एउटै घरमा एक भन्दाबढी परिवार छुट्टिएर बसेको पनि देखियो । यसबाट महिलाको कार्यभार बढि भएको पाईयो ।

## ४.५उतरदाताको पारिवारिक निर्णय

रानाथरुहरुको घरको मूली बुबा वा जेठो छोरा नभएमा महिलाहरु नै घरमूलीको रुपमा रहेका हुन्छन् । घरमूलीले घरको नियन्त्रण, रेखदेख र परिवारको

कार्य सञ्चालन गर्दछ । परिवार संचालनको क्रममा परिवारमा कुनै पनि कार्य सर-सल्लाह पूर्वक गर्ने गरिन्छ । घरमा निर्णयात्मक भूमिकामा महिलाको स्थान कस्तो रहन्छ भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका नं- ४**

**पारिवारिक निर्णयको विवरण**

| क.सं. | पारिवारिक निर्णयका विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | ५ | ९ |
| २ | पुरूष | ५ | ९ |
| ३ | महिला पुरूष दुवै | ४८ | ८२ |
|  | जम्मा | ५८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार रानाथारु जातिमा पारिवारिक निर्णय गर्दा महिला मात्रले निर्णय गर्ने संख्या ५ घरपरिवार अर्थात् ९ % रहेको छ भने पुरूष मात्रले पारिवारिक निर्णय गर्ने संख्या पनि समान ९ % रहेको देखिन्छ । यसै गरी पारिवारिक निर्णय गर्दा महिला र पुरूष दुवैको सर-सल्लाह सबैभन्दा बढी ४८ घरपरिवार अर्थात् ८२ % रहेको देखिन्छ । महिलाले मात्र निर्णय गर्ने घरमा एकल महिला भएको पाइयो ।

अध्ययन क्षेत्रमा रहेका रानाथारुको परिवारमा पारिवारिक निर्णय गर्दा विशेष गरी पुरुषहरुका तुलनामा महिलाको निर्णयात्मक भूमिका बढी रहने परम्परागत प्रचलनलाई तोड्दै महिला र पुरुष दुवैको सरसल्लाहबाट निर्णय लिने प्रक्रियाको सुरुआत भएको देखिन्छ । यसलाई उनीहरूको उन्नतिको सूचकको रुपमा लिन सकिन्छ ।

## ४.६ भाषा

व्यक्तिका मनका भावना, विचार, दुःखसुखको संवादको माध्यम नै भाषा हो । नेपालमा रहेका विविध जातिहरुले परापूर्वकालदेखि नै आफ्नो मातृभाषाको प्रयोग गर्दै आएको पाइन्छ। रानाथारुजातिको पनि आफ्नै किसिमको भाषा रहेको पाइन्छ । यस क्षेत्रका रानाथारु बोलीमा

आफ्नो छुट्टै विशेषता भएर पनि यो बढी भारतको विहार राज्यको चम्पारण जिल्लामा बोलिने भोजपुरीसंग मिल्छ (आचार्य, २०३०)

यस अध्ययन क्षेत्रका रानाथारुजाति आफ्नो घरपरिवारमा मातृभाषाको प्रयोग गर्दछन् भने अन्यत्र चाहिं नेपाली भाषा नै प्रयोग गर्दछन् । पहिलेका बुढा पुराना (६० वर्षभन्दा माथिका) रानाथारु बाहेक अन्य सबैजसोले नेपाली भाषा बोल्न सक्दछन् । शैक्षिक विकास तथा अन्य जातिको प्रभावले गर्दा यस क्षेत्रका रानाथारुजातिको आफ्नो भाषामा समेत प्रभाव परेको देखिन्छ । यस क्षेत्रका रानाथारुजातिले दैनिक व्यवहारमा प्रयोग गर्ने थारुभाषा र त्यसको नेपाली अर्थ तल प्रस्तुत गरिएको छ ।

**वारको नाम**

| थारुभाषा | नेपाली भाषा |
|---|---|
| यतवार | आइतवार |
| सोमार | सोमवार |
| मंगर | मंगलवार |
| बुधे | बुधवार |
| बिहीफ | बिहीवार |
| शुक | शुक्रवार |
| शनिश्चरा | शनिवार |

**खाद्य पदार्थ**

| थारुभाषा | नेपाली भाषा |
|---|---|
| भात | भात |
| चाउर | चामल |
| दाल | दाल |
| तिहुना | तरकारी |
| मकाई | मकै |
| धान | धान |
| गोहुँ | गहुँ |

**शरीरको अंगको नाम**

| थारुभाषा | नेपाली भाषा |
|---|---|

| | |
|---|---|
| हाथ | हात |
| टाङ | खुट्टा |
| मुडी | शीर |
| केश | कपाल |
| आँखी | आँखा |
| नाक | नाक |
| जिभी | जिब्रो |
| पेटे | पेट |
| दाँते | दाँत |
| घेटे | घाँटी |
| गाला | गाला |
| नाखुन | नङ |

यसरी हेर्दा थारुभाषाका कतिपय शब्दहरु नेपाली भाषासंग मिल्दोजुल्दो भएको देखिन्छ ।

## ४.७ महिलाको स्थिति

रानाथारुजातिको परिवारमा आइमाइहरुको स्थिति ब्राह्मण, क्षेत्री जस्तो उच्च जातिमा भन्दा सशक्त हुनुका साथै तुलनात्मक रुपमा बढी स्वतन्त्र महिलाहरुले महत्वपूर्ण भुमिका निभाएका हुन्छन् ।

यस अध्ययन क्षेत्रको रानाथारु जातिमा पुरुष प्रधान भएतापनि घरायसी कामकाजमा महिलाको योगदान बढी देखिन्छ । राजनीति, स्वास्थ्य, शिक्षा, रोजगारी आदि क्षेत्रमा महिलावर्ग निकै पछाडी परेका देखिन्छन् । विद्यालयको साधारण शिक्षा तथा केही मात्रामा प्रौढ शिक्षा लिने महिला बाहेक अधिकांश महिलाहरु निरक्षर रहेका छन् । उच्च शिक्षा हासिल गर्ने १ जना पनि महिला रहेका छैनन् । केबल माध्यमिक तहसम्म, त्यसमा पनि ज्यादै न्युन उपस्थिति रहेको पाइन्छ । भान्साको काम, बालबच्चा स्याहार सुसार गर्ने सरसफाइको काम, पशुपंछीको रेखदेख गर्ने कामदेखि लिएर पुरुष सरह नै खेतीपातीको काममा सहभागी हुने कार्यमा महिलाहरु लागेका देखिन्छन् । यहाँका महिलाहरु पुरुष सरह नै निकै मेहनति देखिन्छन् । घरको भित्तामा विभिन्न आकारका चित्रहरुबनाउने काममा थारु महिलाहरु निपुर्ण नै हुन्छन् ।घर व्यवहारका काममा निर्णयकर्ता र सल्लाहाकारको रुपमा भुमिका निभाउने कार्यमा महिलाको पनि प्रमुख भुमिका रहेको यथार्थता उत्तरदाताहरु बतउँदछन् ।

महिलाले जतिसुकै मेहनतका साथ योगदान गरेपनि उनीहरु हरेक क्षेत्रमा पछाडी परेको महशुस गर्दछन् । यस क्षेत्रका महिलालाई पुरुष वर्गबाट राम्रै व्यवहार गरिने भएपनि समाजमा महिला उन्नतिको लागि खुलेर लाग्ने आँट भने निकाल्न सक्दैनन् । आजभोली केही जागरुक महिलाहरु मिलेर महिला उत्थानको लागि महिला समुह गठन गर्ने तथा चेतनाको विकास गर्ने काममा सक्रिय हुँदै आएका छन् ।

# अध्याय पाँच

# सांस्कृतिक अवस्था

## ५.१भेषभुषा र आभुषण

अझै कन्चनपुरका मुख्य मुख्य रानाथारु गाँउहरुमा परम्परागत थारु परिहरन कायमै रहेको पाइन्छ । कन्चनपुरकारानाथारु पुरुषहरुको पुरानो पहिरन लङोटी (लंगोटी), भंगवा ( धोती), फाँड (कछाड), कमिज, चदरी आदि हुन् भने नारीहरुको पहिरनमा चाँगा (एक प्रकारको चोलो जस्तै कपडा) चोलया (चोलो), थनेगी (स्तन ढाक्ने कपडा) र नाहगी (साडी) प्रमुख हुन् ।

यस शोधपत्र क्षेत्रका रानाथारुजातिका अनुसार यहाँका पुरुषहरु लगौटी, कछाड, झोलिया (ब्लाउज/कमिज जस्तै) भोटो, टोपी आदि पोशाक लगाउँदछन् भने आइमाईहरु नाहगी, चोलिया, घोंघटी (घाँटीमा गाँठो पारेर ओढ्ने कपडा) आदि पोशाक लगाउँछन् । हाल पुरुष तथा महिलाहरुको परम्परागत पोशाकमा व्यापक परिवर्तन भएको पाइन्छ । वर्तमान अवस्थाका थारु पुरुष युवाहरु कमिज, पाइण्ट, टिसर्ट, कोट, टाई आदि लगाएको पाइन्छ भने महिला युवतीहरुले सारी, ब्लाउज, कुर्ता, सलवार, म्याक्सी, लुंगी, सर्ट, पाइण्ट, टिसर्ट आदि लगाएको पाइन्छ । अहिले बुढापाका पुरुषमा लंगोटी मात्र लगाएर बस्ने प्रचलन हटिसकेको छ ।

महिलाले लगाउने गहनाहरुमा खुट्टामा पैरी (पाउजु जस्तै), कल्ली, पाखुरामा टँडिया ( वाला) चुरल, कानमा कन्सी, कनफुल, सिलमुन्द्री, झुम्का, नाकमा नथुनी, फोफी (नाकमा लगाउने टुकी जस्तै), बुलाकी, फुली, घाँटीमा हँसुली (हार) मुगा, चकटी (भारतीय पैसाबाट बनाएको) हातमा माठा (नाडीमा लगाउने चाँदीको वाला) चुरा, उताराना (कानमा लगाउने मुन्द्री), वाला, निधारमा टिकुली लगाउँदछन् । यिनिहरुका गहना चाँदी र गिल्टेबाट बनाइएका हुन्छन् । थारु नारीहरुले हाल रिंग, तिलहरी, टप, सिक्री जस्ता आधुनिक गरगहनाहरु पनि लगाउन थालेको पाइन्छ । बढ्दो आधुनिकिकरण, पर्यटकहरुको चहलपहल अन्य जातिको प्रभावले जातिगत पोशाक र गरहगना लगाउने प्रचलन निकै कम देखिन्छ । पोशाक र गहनाको आधारमा अहिलेका थारु युवायुवती पहिचान गर्न पनि कठिन भैसकेको छ । यस क्षेत्रका थारुजातिले हातखुट्टा खोपाउने कार्य (गोदान) पनि हाल संकटमा परेको देखिन्छ ।

रानाथारु नारीहरुले हात, खुट्टा, अनुहार र छातीमा कालो मसिले लेखी मसिनो सियोले खोपी विभिन्न चित्रहरु कोरे सिंगार्ने कार्यलाई गोदान (Tattoos) भनिन्छ । विवाहपूर्व यसरी खोपिएका केटीहरु चरित्रवत मानिन्छन् । यसको प्रयोगले भूतप्रेत नलाग्ने विश्वास गरिनुका साथै परिवारमा भात भान्सा पनि चल्ने गर्दछ । यसरी शरीरमा खोप्नाले अरु मान्छेको नजर नपरोस् भन्ने मान्यता राख्नु यसको अर्को महत्वपूर्ण पक्ष हो ।

## ५.२ खानपान

यहाँको रानाथारु समुदायको मुख्य खाना दालभात, तरकारी, रोटी, जाँड, रक्सी, माछा, मासु, घोघी आदि हुन् । तर सम्पन्न परिवारका केही सिमित रानाथारु समुदायका मानिसहरु प्रायः दालभात, तरकारी, माछा, मासु आदि खानेकुरा खान्छन् । आर्थिक अवस्था कमजोर भएका थारु समुदायका मानिसहरु भने ऋण सापटी गरेर भएपनि चाडपर्वमा पूर्ण मनोरञ्जन र रमाइलो गरी मीठो चोखो खानेकुरा खाने गर्दछन् । थारुहरु मासुको लागि खसी, बाख्रा, हाँस, कुखुरा, परेवा, भेडा, सुँगुर आदि प्रयोग गर्दछन् । खाजाको रुपमा चिउरा, रोटी, मकै, भात आदि खान्छन् । प्रायः थारुहरु माछा, मासु विना खाना नखाने हुनाले घर नजिकको घोल, कुलो, खोला, नदी आदिमा माछा तथा घोघी मारी भोजन गर्ने गर्दछन् ।

## ५.३ सामाजिक संस्कार

मानविय जीवनलाई शुद्धता तथा परिस्कृत गर्दै समय अनुसार चल्न सिकाउने माध्यमलाई नै संस्कार भनिन्छ । समाजमा रहेका हरेक जातजाति, समुदायहरु अनुसार सामाजिक संस्कारमा भिन्नता हुने गर्दछ । धार्मिक मान्यता अनुसार मानिस जन्मेर मात्र चोखो हुँदैन । तसर्थ उसले उमेर अनुसार शुद्धिकरण गर्दै जानु पर्दछ । त्यसैले धार्मिक तथा परम्परागत पद्धतिद्वारा मानिसको शुद्धिकरण गरिने गरिन्छ । आदिवासीको रुपमा परिचित रानाथारु समुदायका मानिसहरुले पनि आफ्नै धार्मिक परम्परा र संस्कृति अनुसार विभिन्न संस्कारहरु गर्दै आएका छन् । यस अध्ययन क्षेत्रका राना थारु समाजमा प्रचलित विभिन्न संस्कारहरु मध्ये मुख्य संस्कारहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ५.३.१ सठी (जन्म संस्कार)

यस क्षेत्रकारानाथारुजातिमा आफ्नै प्रकारको जन्म संस्कार रहेको पाइन्छ जसलाइ सठी भनिन्छ । यहाँका थारु महिलाहरु सुत्केरी हुन लागेमा सुडियनी (सुडेनी) को सहयोग लिई बच्चा जन्माउने गर्दछन् । बच्चा जन्मेपछि सुडेनीबाट सालनाल काटी गाड्ने र बच्चालाई धोइपखाली गरी सफा बनाई ओभानो कपडामा राख्ने गर्दछन् । बच्चा जन्माउन केही साह्रो

गाऱ्हो परेमा गुरौलाई बोलाई पानी मन्तरेर खान दिने, बत्तिबाली पूजाआजा गर्न लगाउने भएतापनि आजभोली भने अस्पतालतिर लैजाने चलन बढ्दै गएको छ । यहाँका थारुहरु विजोर दिन पारेर बच्चा जन्मेको ७, ९ र ११ दिनमा न्वारान गर्दछन् । न्वारान गर्दा कतिपय थारुहरु पहाडिया पुरोहित बोलाई गहुँत छर्कन लगाउने तथा कतिपयले भानिज दाइ/भाइलाई बोलाई गहुँत छर्काई शुद्धि हुने गर्दछन् । यसरी शुद्धिकार्य गरेवापत भानिजलाई चामल, दाल, तरकारी, नुन, केही नगद दान दिने चलन रहेको छ । शुद्धिकार्य गर्ने दिन घरलाई गाईको गोबरले लिपपोत गर्नुको साथै सुत्केरीलाई पनि नुहाई सफा पार्ने गरिन्छ ।

सामान्यतया अहिलेसम्म थारु समाजमा बच्चाको नामाकरण जन्मेको महिना, वार तथा विशेष घटनाका आधारमा गर्ने गरिन्छ । बच्चाको नामाकरण कार्यलाई रानाथारुहरुले उठोनी भन्दछन् । खासगरी यिनिहरुको नामाकरण आईतवार जन्मेमा आइते आइतराम, सोमवार जन्मेका सोमक्ता, मंगलवार मंगरा, मंगरी, त्यसैगरी बैशाखमा जन्मिएकोलाई बैसाखिया, भदौमा जन्मेको भदिया, फागुनमा जन्मिएको फगुवा, फगुती, त्यसैगरी बच्चाको अवस्था अनुसार माटोघाटो भएमा पकुला, पकुली, राजनीतिक घटना घटेको बेलामा जन्मिएकोमा आन्दोलतिया, सुर्योदय हुन लागेको बेलामा जन्मेकोलाई सुरिया आदि जस्ता नामाकरण गर्ने प्रचलन हुँदैआएकोमा अहिले केही हदसम्म आधुनिक किसिमका नाम पनि राख्ने चलन बढ्दै गएको छ ।

## ५.३.२ मुँडोनी कार्य (क्षौर कर्म)

पश्चिमी थारुहरुमा जस्तो विधिवत रुपमा रानाथारुहरुमा कपाल मुण्डन गर्ने चलन जन्मसंस्कार पछि दोश्रो संस्कारको रुपमा मुँडोनी संस्कार सम्पन्न गर्ने गर्दछन् । यहाँका थारुहरु विवाह गरेपछि सन्तान जन्मिएन भने विक्रम बाबाको मन्दिरमा गई भाकल गर्ने गर्दछन्, जसलाई “जियधरन” भन्दछन् । भाकल गरेको नौ महिनादेखि दुईवर्ष भित्र जन्मिएमा सम्बन्धित ठाउँमा गई पूजा गर्नको लागि गुरौलाई निम्तो दिने गर्दछन्, जसलाई “यज्ञियाविजो” भन्दछन् । गुरौले पूजा गर्ने दिनको निश्चित गरेपछि सोही दिन खाली खुट्टा विक्रमबाबा जाने गर्दछन् । यसरी विक्रमबाबा जाँदा कपाल खौरनको लागि मामा लैजाने गरिन्छ । यदिमामा नभएमा हजामलाई लगिने गरिन्छ । यसरी मामा/हजामबाट कपाल खौरने कार्यलाई थारुजातिमा मुँडोनी कार्य भनिन्छ । मुँडोनी कार्यपछि गुरौले बच्चालाई जन्तर लगाई दिने गर्दछन् । सामान्यतया मुँडोनी कार्य जेठो छोरा तथा भाकल गरेर पाएको बच्चाको गर्ने गरिन्छ । यो कार्य गर्दा इष्टमित्र बोलाउनु पर्ने, भोजभतेर गर्नुपर्ने हुनाले खर्चिलो हुने हुँदा सबै जेठो

बाहेक अन्य छोराहरुको प्रायः गर्ने गरिंदैन । छोरीको लागि कुनै संस्कार उक्त समयमा गरिंदैन । पास्नी र ब्रतबन्ध गर्ने चलन यहाँका थारु समाजमा त्यति रहेको पाइदैन ।

### ५.३.३ फुलचलचलाई (रजस्वला)

रानाथारु समाजमा रजस्वला हुने प्रकृयालाई फुलचलचलाई भन्दछन् । पुरानो चलन अनुसार जस्तो वर्तमान अवस्थामा बार्नु पर्दैन तैपनि कुल देवताको थानमा जानु/छुनु हुँदैन । फलफुल तरकारी छुनु/टिप्नु हुँदैन, छोएमा कुहिन्छ भन्ने विश्वास रहेको छ । प्रायजसो रजस्वला भएको तीन दिनपछि स्नान गरी शुद्ध हुने चलन रहेको छ ।

### ५.३.४ कर्णनासिकावेध छिदुवोइ (नाककान छेड्ने)

थारु समाजमा अन्य उच्च जातमा जस्तो शुभ मुहर्त हेरी नाक, कान छेड्ने चलन रहेको छैन । यिनहिरु आफ्नो सुविधा अनुसार सुनार वा कुनै पोख्त नारीबाट नाक, कान छेड्ने कार्य सम्पन्न गर्दछन् ।

### ५.३.५ विवाह संस्कार

रानाथारुसमुदायमा अभिभावकको स्विकृतिमा मागी, लेनदेन र प्रेम विवाह प्रचलित छ । आफ्नो गाउँकै केटाहरुसंग विवाह गर्ने, गराउने र हरुवा चरुवाको रुपमा काममा राखेका केटाको कामबाट प्रभावित भएमा छोरी दिई विवाह गरिदिने प्रचलन छ । रानाथारुजातिमा लोग्नेलाई भात दिंदा थाल खुट्टाले धकेलेर दिने प्रचलन अनौठो किसिमको रहेको छ । त्यस्तै गुरुङ्ग, मगर वा ठकुरी जातिको जस्तो मामा चेला वा फुपु चेलाको विचमा पनि विवाह हुँदैन । प्रचलन अनुसार केटा पक्षबाट माग्न पुइटे (लमी) पठाएर चाँजो पाँजो मिले दुलहीकी आमालाई जाँड, रक्सी, माछा, मासु केटा पक्षले कोसेली पठाई खुशी तुल्याउनु पर्ने हुन्छ । थारु समाजमा दाजुको मृत्युपछि भाईले भाउजु भित्राउने र कसैकी श्रीमती कुनै पुरुषले मञ्जुरी साथ भगाई लगेमा जारी तिराउने अन्यथा पुरानै लोग्नेलाई फिर्ता गराउने प्रचलन छ ।

रानाथारुसमुदायमा आफ्नो जातभन्दा बाहिरकाहरुसंग मागी विहेवारी चल्दैन किनभने अन्तरजातीय विवाह बिल्कुलै वञ्चित छ तापनि अन्तरजातीय विवाहलाई बढी प्रोत्साहन दिन थारु कल्याणकारी सभा सक्रिय रहेको छ । यो सभा नेपाल अधिराज्यका सम्पूर्ण थारु समुदायको केन्द्रीय संगठन हो । अन्तरजिल्ला विवाहलाई प्रोत्साहन एवं मान्यता दिइएको कुरा यस सभाको विधान २०३८ को परिच्छेद २ को धारा (६) मा उल्लेखखित छ भने यस विधानको कुनैपनि परिच्छेदले अन्तरजातीय विवाहलाई मान्यता प्रदान गरेको, अन्तरजातीय

विवाह वारे यो विधान मौन रहनाले थारु समुदायको यस केन्द्रीय संगठन थारु समाजमा कस्तो आधुनिकतातिर लग्न खोजेको हो, त्यो शंकास्पद छ ।

मामाका छोरा छोरी, फुपुका छोरा छोरीसंग विवाह चल्दैन भने दाजुको मृत्यपछि भाउजु चाहिं देवरले व्यहोर्ने चलन चाहिं छ ।

रानाथारु समाजमा विवाहलाई जीवनको महत्वपूर्ण घटनाको रुपमा लिइन्छ र त्यो अति नै खर्चालु हुन्छ । विवाह खासगरी बैशाख, जेष्ठ, असार, मंसिर, माघ तथा फाल्गुणमा हुने गर्दछ । विवाहको साइत चाहिदैन बार हेरेर आइतवार र बिहिबार पारेर वैवाहिक विधिहरुद्वारा सम्पन्न गरिन्छ । विवाह पद्धतिद्वारा पूर्णतः हिन्दु धर्मग्रन्थको सामवेदको विवाह प्रकारका विवाहहरु प्रचलित रहेको पाइन्छ ।

## क) बालविवाह

रानाथारुसमाजमा बालविवाह धेरै पहिलेदेखि नै प्रचलनमा रहेको हो । जुन यद्यपि हट्न सकेको छैन । यस सम्बन्धमा सोधपुछ गर्दा के जानकारी पाइयो भने पहिले मुसलमानहरुले आक्रमण अविवाहित थरुनी युवतीहरुउपर हुन्थयो र विवाहित उपर हुँदैनथ्या(बिष्ट, २०२९ :४२) । यसले गर्दा रानाथारुहरुमा बालविवाह गर्ने प्रथा चलेको हो । थारु समाजमा बालविवाह भारतमा मुगल साम्राज्य कायम भएकै कालदेखि प्रचलित रहेको तथ्यबाट पनि यो कुराको पुष्टि हुन्छ ।

रानाथारु समुदायमा बालविवाहको प्रचलन खासगरी केटाकेटी पछि ठुलो हुँदै गएपछि बिग्रन्छ, पुन्य मिल्छ भन्ने धार्मिक भावना, उमेर पुगेपछि केटाकेटी पाउन गाऱ्हो हुन्छ भन्ने धारणा आदिले गर्दा भएको हो । थारु समाजमा विवाहितालाई एक पुनित कार्य ठानिनुको साथै यसलाई एक पारिवारिक बोझाको रुपमा पनि लिइन्छ । त्यसैले वेलैमा समस्याबाट छुटकारा पाउन आफ्ना केटाकेटीको विवाह बाल्यकालमा गर्न अभिभावकहरु हतारिन्छन् । थारु समुदायमा वालविवाह गर्नुको मुख्य तात्पर्य घरमा काम गर्नसक्ने बुहारी ल्याउनु पनि हो तर यस्तो वालविवाहको अन्त्य गर्न शिक्षित थारुहरु सजग भएका देखिन्छन् । थारु कल्याणकारिणी सभाको विधान २०३८ को परिच्छेद २ को धारा (क) मा बालविवाह र अनमेल विवाह अन्त्य गर्ने बुँदा समावेश भएको छ ।

## ख) बहुविवाह

रानाथारुसमाजमा बहुविवाह प्रथा अझैपनि जीवित रहेको छ । रानाथारुहरुमा पहाडी भेगका जाति तथा समुदायको प्रभावले यो प्रथा बढी मात्रामा रहेको देखिन्छ । कतिपय

जिल्लाहरुको थारु समुदायमा यो प्रथा छैन र सन्तान नभएको खण्डमा मात्र दोश्रो विवाह गर्दछन् । थारु समाजमा खासगरी धनी मानिसले घर खेतको हेरविचार गर्न बहु पत्नी राख्ने गर्दछन् । बहु विवाह विरुद्ध नेपालको मुलुकी ऐन र थारु कल्याणकारी सभाको विधान २०३८ ले व्यवस्था गरेको भएतापनि यो प्रथा अझैपनि प्रचलनमा रहेको छ ।

## ग) विधवा विवाह

रानाथारु समाजमा विधवा विवाहलाई सामाजिक मान्यता प्राप्त छ र यसलाई सम्मानको दृष्टिले हेरिन्छ(बिष्ट, २०२९ :४७) । नेपालको मुलुकी ऐन समेतले विधवा विवाहलाई कानुनी मान्यता प्रदान गरेको छ भने थारु कल्याणकारीसभाको विधान २०३८ यस सम्बन्धमा मौन छ तापनि थारु समाजमा विधवा विवाह ऐच्छिक एवं स्वतन्त्र रुपले धार्मिक पुण्य भावनाको रुपले प्रचलित छ । अलि पाको उमेर भइसकेका स्त्रीहरु आजन्म विधवा भई बस्छिन् । कतिपय ठाउँमा विधवा स्त्रीको पुनःविवाहको प्रस्ताव माइति तर्फबाट अभिभावकहरुले ल्याउँछन् । पतिको घरमा यस्तो प्रस्ताव आयो भने बुहारीलाई घरमा नचाहेको र अंश दिनुपर्छ भनेर धपाउन खोजिएको संझिन्छ ।कतिपय ठाउँमा विधवा पुनःविवाह गर्न विदुर पुरुष नै चाहिन्छ भने कतिपय ठाउँमा कुमार केटाले पनि विवाह गरेको पाइन्छ । तर विदुर पुरुषले कुमारी केटीसंग पनि विवाह गर्न सक्छ । कतिपय ठाउँमा देवरले नै विधवा भाउजुसंग विवाह गरेको पाइन्छ ।विधवाले पुनर्विवाह पश्चात् पुर्व पतिबाट भएको सन्तानहरु साथै लान सक्छिन् । यस किसिमको विवाह मन्दिरमा गई भोजभतेर गरी सम्पन्न गरिन्छ ।

## घ) फुक्का विवाह (मागी विवाह)

यहाँकारानाथारु समाजमा विवाह संस्कारहरु मध्ये मागी विवाह ज्यादै खर्चिलो हुन्छ । केटा पक्षबाट केटी पक्षका अभिभावकसंग कन्या मागेर गरिने विवाह नै मागी विवाह भएकाले केटा पक्षका अभिभावकहरु नै बढी उत्सुक रहनु पर्दछ । यो काम वर कन्याको कुरा मिलाउने कार्य लमी (पुगडेणहर/येठ/पिइटार/मझपटिया) को माध्यमबाट हुन्छ । यो कार्य आफ्ना नाता कुटुम्ब मार्फत पनि हुन्छ । उनीहरुमा सामान्यतया छोरा भए हाड पखाल्ने र छोरी भए दूध जोगाएर विवाह गर्ने प्रथा छ । लमीद्वारा दुवैतर्फ विवाहको कुरा चलाइसकेपछि केटीको बाबु केटाको घर हेर्न जान्छन् । त्यहाँ खानपिनको समेत आयोजना गरिएको हुन्छ । यसपछि भावी बधुको निरिक्षण गर्न केटोको अभिभावक केटीको घर हेर्न जान्छन् । त्यहाँ पनि सामान्यतया भोज तयार गर्दछन् । यि सबै कार्य लमी मार्फत गरिसकेपछि केटा पक्षले सानो

वा ठुलो गरी दुइवटा भोज तयार गर्दछन् । छोरी तर्फले केटीको घरमा थारवन्धी वा छुटको भोज दिन्छन् । भोजमा वियर, माछामासु, जाँडरक्सीको अत्यधिक प्रयोग हुन्छ । वङकी भोज अर्थात घर देखुवा भोजमा केटीको आमालाई एक डालो चिचर, खसीको फिलामासु, सातजोर माछाको टुक्रा, एक घैंटो रक्सी र निफई (गुलियो जाँड) सौगातको रुपमा पठाउनु पर्दछ । यि भोजहरुमा गाउँका जमीन्दार, भद्रभलादमी र दुवै तर्फका अभिभावकहरु सामेल भएका हुन्छन्। यो भोज खाइसकेपछि विवाहको पक्का भएको मानिन्छ । दुवै तर्फबाट विवाह गर्ने तिथि मिति निश्चित भइसकेपछि लमी मार्फत तीनजना पुरुष र दुईजना महिला गरी पाँच जनाको साथ दुलहीको घरमा दुलाहालाई सिंगारी दाजुभाई, इष्टमित्र सहित दुलहीका सामानहरु लिई आफ्नै सांस्कृतिक परम्पराकासाथ नाचगान गर्दै पहिला हिंडेर जान्थे भने हाल बयलगाडी, ट्याक्टर, गाडी सिगारी भोजपुरी तथा हिन्दी गीत बजाउँदै जन्ती जान्छन् । वरियात जाँदा एउटा कलशमा बत्ति बालेर बोक्ने र अर्को दुलहीको सरसामान रातोटालो पोको पारेर नाङ्लोमा बोक्ने कन्याहरु नै हुन्छन् । सामाग्रीमा साडी (झल्का), चोलो, टिका, एकमुठी दाउरा, सक्खर, कान कोट्याउने परेवाको प्वाँख, दाँत कोटेट्याउने सिन्का, तेल, मरीच, सुपारी, गाईको गोबर, एकमुठा धान लिएर दुलहीको डेरा (कुनै घर) मा बस्दछन् । तर हाल यो डेरामा बस्ने प्रचलन हराइसकेको छ । विवाहको दिन दरलाहाले आफ्नो कुल देवताको पूजा गर्नु पर्दछ । कुल देवताको पूजापछि त्यहीं राखिएको एउटा छुरी (तरवार) को पूजा गरिन्छ जुन छुरी विवाहको संस्कार समाप्त नभएसम्म त्यसलाई केटाको साथमा राख्न अनिवार्य मानिन्छ । आफ्नो घरबाट प्रस्थान गरेपछि सर्वप्रथम आफ्नो देवी देवताको दर्शन गर्दै आफ्नो कन्याको गाउँमा पुगेपछि त्यहाँ भएका देवस्थलहरुको पनि दर्शन गराउने चलन छ । दुलहीको घर पुग्नुभन्दा पहिले दुलहीको आमाले गडुवा (झारी) ले जन्तीलाई पानी छर्केपछि टीका लगाई दिन्छन् र जन्ती पर्सने काम हुन्छ । जन्ती पर्सिदा दुलहीको आमा, दिदी बहिनी आदिले दुलाहालाई मुल ढोकाको अघिल्तिरि उभ्याएर लोहोरो, मदानी आदि वस्तुले शरीर वरिपरि घुमाएर आगोमा तोरी पड्काउँछन् । पर्सिने काम समाप्त भएपछि दुलाहालाई घरभित्र लग्छन् । यसरी स्वागत गरेर वरलाई घरभित्र लग्दा देउता भएको देउराहर नामक कोठामा लगेर राख्छन् र त्यहीं भोजन गराउँछन् । केटा पक्षबाट केटीको आमालाई १६-२० हातसम्मको नैनसुत कपडा दिने प्रचलन छ र यसलाई खेरसार भन्दछन् । केटा तर्फबाट गरेको खेरसारलाई केटीका तर्फबाट बाबुआमाले लगेर जाँच गर्दछन् र मनपरेमा राख्नछन, मन नपरेमा सामान फर्काई पुनः ल्याउन लगाउने प्रचलन रहेको छ । राती कुखुरा बास्ने समयमा सरसामानहरु भित्र्याउने गरिन्छ । यसरी जन्तीमा गएका युवाहरुले दुईवटा सिद्रा भएपनि माछा मानुपर्ने हुन्छ । उक्त

कार्यलाई थारु भाषामा सिदरिका पुछिया यागी लागल भन्दछन् । गइल बर्न विवाह भनेपछि मात्र भोज खुवाउने गरिन्छ । भोज खाएका व्यक्तिहरुले चामल, पैसा दिएर आउँछन् र जुन कन्यौती निउता मान्न आउने भनिन्छ ।

दुलाहा तर्फबाट आएको दुई छिप्पन (माटोको घैंटो) रक्सी र गुलियो जाँड दुलहीको आमा, फुपु आदिलाई बाँड्दछन् । सोही समयमा दुलाहा तर्फको गुरौले चामल मन्तरी बोक्सी नलागोस भनेर दुलाहा र दुलहीलाई अक्षता छर्किन्छन् । उता जन्ती बाखो काटी दुलही पक्ष र दुलाहाका वरियातीहरुलाई भात, मासु, रक्सी आदि खुवाउँछन् । भोज खाँदा दुई तीन टपरीसम्म राख्ने चलन रहेको छ । नजिकको मान्यजनलाई मासुको पछाडीको भाग पुठ्ठा र दुलहीको बाबु र अरुलाई पकाएको टुक्रा मासु बाँड्दछन् । सासुको निमित्त केरा, रक्सी र सुपारी आदि यावत चीज विज लिएर सत्कार गर्न पठाइन्छ । भोज खाइसकेपछि गाउँका आइमाईहरु जसलाई पञ्चिमी भनिन्छ । तिनीहरुलाई धानको यज्ञ बनाई दुलाहा दुलहीलाई यज्ञ (जगिया) मा बसाली दुलहीको आमाद्वारा हात भर्ने दुलाहा दुलहीलाई समान मानी म्वाई खाने, जलले पर्सने आदि विधि गराई कन्यादान गर्दछन् । कन्यादान गर्दा दुलाहा दुलहीको गोडा धुने, टीका लगाई दिने, गच्छे अनुसारको दान दक्षिणा उपहार दिने गर्दछन् । कन्यादान पश्चात् दुलाहाले यज्ञ मण्डपको परिक्रमा गर्ने दुलाहाले दुलहीको बुढी औंला समातेर सिटौलोमा छुने, द्लाहाले काटा र सुन हातमा लिएर सिन्दुर हाल्ने जस्ता परम्परागत विधिहरु गर्दछन् । विवाहको कार्यहरु उनीहरुको आफ्नै वर्गको पुरोहितद्वारा सम्पन्न गरिन्छ । विवाहको कार्य समाप्त भैसकेपछि कन्या विदाई गर्न गाउँघरका केटीहरु जम्मा हुन्छन् । दुलाहाले सासुलाई ढोग्ने, सासु तथा अन्य मान्यजनबाट आशिर्वाद दिएपछि दुलहीलाई बोकी बाहिर सजाएको साधनमा हाली विदाई गर्दछन् । केटाको घरतर्फ दुलही हेर्न केटीहरु जम्मा हुन्छन् । दुलाहा तर्फका मानिसहरुले दुलाहा घर नजिक पुगेपछि कलश वाली गाग्री भरी पानी बोकी दुलहीको स्वागत गर्न जान्छन् । दुलाहाको आमाले दुलहीलाई जलले पर्सिन्छिन् र त्यो गाग्रीको जल छोई दुलाहाले दुलहीको शरीरमा छर्किदिन्छन् । त्यसपछि मंगल गीत गाउँदै घरभित्र लग्छन् । घरभित्र लैजानु भन्दा पहिले दीदी बहिनीले ढोका छेक्छन् । दीदी बहिनीहरुको कबुलियत पूरा भएपछि दुलही भित्राई कुल देवताको दर्शन गराउँछन् । यस्ता कुल देवतामा घरभित्रको गन देवता (बाबुआमा) बाहिरको क्यारवर्ती (कन्या केटी) हुन् । कोठामा चौका पुनु, केरा र धानमा दुवैको हात राखी दुलहीले दुलाहाको आमालाई दिनु पर्दछ । यो कार्य तीन पटक गर्नु पर्दछ । यसपछि निम्ता गरेका इष्टमित्र र गाउँघरकालाई भेटी (भतेर), दल भात, माछा, मासु, रक्सी आदि खुवाउने गर्दछन् । भोलीपल्ट उज्यालोमा ५/१० रुपैया राखी मुख हेर्ने गर्दछन् । विवाहमा गएका

पाँचजना जन्तीहरु मध्ये दुलाहा तर्फका केटा केटीहरुलाई टाउकोमा तेल लगाई एक बोतल रक्सी दिन्छन् । महिला तथा लोकनाहरुलाई दुलाहाले साडी कपडा दिनु पर्दछ । उनीहरुसंग दुलहीको साथ छुटाउन पचासदेखि सय रुपैयासम्म दिएर विदाई गर्नु पर्दछ । विवाह सम्पन्न भएको तीन दिनपछि लेलहारी गर्दछन् ।

रानाथारुविवाहका सामान्य सिद्धान्तहरु एकै प्रकारको भएपनि ठाउँ अनुसार यसमा अन्तर पाइन्छ । पूर्वका थारुहरु जुन प्रकारको विवाह विधि अपनाउँछन्, त्यस्तै विधि पश्चिमका थारुहरुले अपनाउँदैनन् (रजौरे १९८१:५०) । आ-आफ्नो स्थानको आ-आफ्नै विशेषता पाइन्छ । कतिपय ठाउँहरुमा दुलाहाले दुलहीको घरमा रात विताएपछि जन्तीलाई त्यहीं छोडेर आ-आफ्नो घर फर्किन्छन् । जन्तीले दुलही लिएर नआएसम्म घरभित्र प्रवेश नगरी बाहिर दुलहीको प्रतिक्षा गर्दछन् । दुलही अन्माउने काम साँझमा हुन्छ । दुलही अन्माउँदा दुलहीका साथ एउटा बत्ती र विषको प्याला पनि माइतिले दिएका हुन्छन् । यस्ता वस्तु दिनुपर्ने कारणमा बाटोमा कुनै शत्रुले आक्रमण गरेर अपहरण गर्ने चेष्टा गऱ्यो भने बत्ती लिएर भाग्न सजिलो होस् भन्नाको लागि हो र भाग्न असफल भएमा विषपान गरेर आत्महत्या गर्न सकिन्छ । जसले गर्दा आफ्नो सतित्व जोगाउन यि वस्तु सहायक सिद्ध हुनेछन् भन्ने धारणा पाइन्छ । सम्भवतः यो प्रथा राना थरका थारुहरुले पहिले अपनाए र त्यसको अनुकरण अन्य थारुहरुले पनि गरे । कुनै कारणवश दुलाहा जन्तीको साथ जान सकेन भने कुल देवताकहाँ पूजा गरिएको छुरी ( तरवार) जन्तीको साथ पठाएर त्यसैबाट पनि दुलाहाको प्रतिनिधित्व गराइन्छ ।

## ङ) सट्टा (गोलवट) विवाह

यहाँको थारु समाजमा साटफेरद्वारा विवाह गर्ने प्रथालाई गोलवट भन्दछन् । आफ्नो छोरी अर्काको छारोलाई दिने र आफ्नो छोराको विवाह त्यस तर्फको छोरीसंग गर्नुपर्ने विवाह गोलवट विवाह हो । यो एक किसिमको दुई परिवार विच केटा र केटी विनिमय गरी सम्पन्न हुने विवाह हो । दाजुको मृत्यु भई भाउजु देवरसंग विवाह गर्ने ईच्छा भएमा भताही/भोज खुवाएपछि यस किसिमको विवाह हुन सक्छ । यस किसिमको विवाह प्रायः गरीव परिवारमा ज्यादै लोकप्रिय छ । किनभने यसबाट विवाहमा लाग्ने सम्पूर्ण खर्च न्युन हुनगई आर्थिक बोझ कम हुनसक्छ । यस्तो किसिमको विवाहमा दुवै तर्फबाट केटा र केटी मञ्जुरी हुनु जरुरी हुन्छ। यस किसिमको विवाह गर्दा आर्थिक बोझ त कम हुन्छ तापनि दुई परिवार विच माधुर्यता कम र कटुता बढी आएको पाइन्छ । किनभने दुवै परिवारमा आ-आफ्नै चेलीलाई कस्तो खान

लाउन दिएको छ व्यवहारमा कस्तो किसिमको गरिएको छ आदि कुराहरु बढी चासो राखिन्छ र त्यसैअनुसार प्रतिशोध गरिन्छ ।

### च) जारी वा चोरी विवाह

थारु समाजमा अर्काकी श्रीमती वा अविवाहित छोरी भगाएर वा चोरेर लैजाने प्रथालाई चोरी वा जारी विवाह भनिन्छ । केटा र केटी विच मन मिलेको खण्डमा विवाहित वा अविवाहित कुनै अवस्थामा गाउँ छाडेर भाग्छन् । जसलाई जाइके भनिन्छ । यदि केटी अविवाहित रहेछ भने गाउँका भद्रभलादमी तथा जिमिन्दारसंग सोधपुछ गरी राय लिएर केटाले आफ्नो घरमा भित्राउन सक्छ । भित्राइ सकेपछि केटीप्रति आमाबाबुले कुनै प्रकारको दावी गर्दैनन् र जारी पनि तिर्न पर्दैन । यदि भगाएर ल्याएको केटी विवाहित रहिछ भने जारी वापत उसको पुरानो लोग्नेलाई रु. ६० देखि एकहजारसम्म जारी दस्तुर जरिवाना तिर्नु पर्दछ । यसरी जारी तिरिसकेपछि दुलही भित्राउनु भन्दा पहिला केटाको घरको पूर्व तर्फको आँगनमा केराको थाम गाडी टुप्पोमा टोपी लगाई दिन्छन् ।केटाले थामलाई देखाउँदै यो के हो भनी सोध्छ । केटीले तोहार जार हो भनेर चिनाएपछि केटाले काट्न अनुमति माग्छ । केटीले काटो भनेर तीन पटक भनेपछि एकै चोटमा सो केराको थाम काटेर ढालेपछि मात्र दुलही भित्राउँछन् । गाउँका भद्रभलादमीहरुलाई बोलाएर भतही भोज खवाउने गर्दछन् । भोजमा माछा, मासु, रक्सी आदिको प्रवन्ध गरिएको हुन्छ । भोजको अन्तिम समयमा बस्तुहरु बाँड्दै जाँदा अन्त्य जसलाई पर्छ त्यो सबै बस्तुहरु उसमाथि घोप्टाइन्छ । उसले सकेसम्म ति वस्तुहरु रित्याउनु पर्ने हुन्छ । भोजमा निम्तालु सबै व्यक्तिहरु एकै पटक उठ्छन् । यदि विचमै कुनै व्यक्ति उठेमा उसले दण्ड सजाय वापत रक्सी तिर्नु पर्दछ ।

यस बाहेक थारु समुदायमा पोइला जानु कुनै अचम्मको कुरा नभएको एउटी श्रीमती पटक पटक पोइले हुनु यिनीहरुको साधारण कुरा हो । यस्तै १० वर्षको केटोसंग १५, १६ वर्षकी केटीको अनमेल विवाह हुने गर्दछ । यस्तो अनमेल विवाहको कारणले गर्दा श्रीमान्बाट यौन सन्तुष्टी प्राप्त नभई आइमाईहरु पोइला जाने गर्दछन् भने पुराना श्रीमानसंग मनमुटाव भई आफ्नो जीवनमा सुख पाउन घर छाडेर जाने गर्दछन् । एकचोटी पोइला गइसकेकी केटी फेरी इच्छा अनुसार पुरानो घरमा पनि फर्कन सक्छे । फेरी फर्केर आएकी श्रीमतीलाई पुरानो श्रीमान् तथा सासु ससुराले इज्जतपुर्वक स्विकारेर राख्नु पर्दछ । यस समाजमा पहिला पति पत्नी विच थारु समाजमा सम्बन्ध विच्छेद एउटा अपवादको रुपमा नै आउँथ्यो । लोग्ने स्वास्नीमा मनमुटाव भएपछि आफ्नै पाराले अलग बसी आफ्ने चित्त बुझाउँथे । त्यसमा

लिखित छोडपत्र भने गर्दैनथे भने हाल आएर लिखित छोडपत्र अर्थात पारपाचुके गर्न पनि थालिसकेका छन् ।

## छ) घरज्वाई विवाह

थारु समाजमा बच्चा पेटमा रहँदादेखि नै तेरो छोरालाई मेरो छोरी दिन्छु भन्ने कबुल पनि गर्दछन् । केटाकेटीको उमेर पुगेपछि केटीले अभिभावकको केटालाई मेरो घरमा हिड म तिमिलाई छोरी दिन्छु भनेपछि केटाकेटीको घरमा ५/७ वर्ष वसेर काम गर्नु पर्दछ । यसरी निम्न वर्गको परिवारमा घरज्वाई राख्ने परम्परालाई घरज्वाई विवाह भन्दछन् । कतिपय गरीव केटाले आफूले मन परेको केटीको बाबुआमाको घरमा हलो जोत्ने, खेती गर्न काममा भर्ना भई परिश्रम गरी स्वास्नी कमाउने प्रथालाई पनि घरज्वाई विवाह भन्दछन् । केटाले राम्रोसंग कमाउने भइसकेपछि मात्र ऊ स्वेच्छाले अन्यत्र जानसक्छ ।

## ज) भेट विवाह

यो खासगरी गरीव समुदायमा प्रचलित छ । किनभने यस्तो विवाहमा सामान्य खर्च हुने गर्दछ । यस भेट विवाहमा केटा र केटीलाई आफ्नो गाउँघर बाहेक कुनै सार्वजनिक स्थल, बाटो, मन्दिर आदिमा भेट गराई दुवैको सल्लाह अनुसार सोही स्थानमा पक्का पक्की गरी विवाह गरिन्छ ।

यस बाहेक थारु समुदायमा आधुनिक शिक्षाको प्रभाव तथा अन्य जातिको देखासिकीले गर्दा थारु युवा युवतीहरुले प्रेम विवाह तथा अदालती विवाहलाई पनि विस्तारै व्यवहारमा ल्याउन थालेको देखिन्छ । प्रेम विवाहमा युवा युवतीहरु घरबाट निस्की वर्षौंसम्म बाहिर गाउँमा बस्छन् । पछि पत्नी लिएर लोग्ने मान्छे घरमा आउँदछ फेरी आफ्नो समुदायमा मिल्न विरादरीलाई भोज खुवाउनु पर्दछ । विरादरीलाई भोज (भताही) खुवाइसकेपछि मात्र त्यो कन्या त्यस समुदायमा सामेल हुनसक्छे ।

थारु समाजमा विवाह भएको तीन दिनपछि दुलही माइत जान्छे । दुलाहाको बाबुले दुलाहा लिएर दुलही लिन ससुराली जाने चलनलाई लेलहारी भनिन्छ । उक्त समयमा एक काईयो केरा, एक डब्बा दही लिएर जेष्ठ महिनामा भादी गरेका लेलहरु “लेले जविय” भनेर दुलहीलाई घर ल्याउँदछन् । त्यस्तै पितृ औंशीमा पितृको भात पकाउनको लागि पसन लेलहारी गर्दछन् । जसमा चिउरा, दही, केरा लैजानु पर्दछ । जितिया मान्न दुलही माइत बसेकीले जितिया पछि (असोज महिनामा) अन्तिम लेलहारी गर्दछन् । विक्रमबाबा, सोहदरा भाई,

भीमवली बाबा, गढीमाई जाने प्रचलन पनि छ । यसरी विवाह भएको एक वर्षसम्म सस्कार गर्दछन् ।

विवाह भएको छोरी केही समय माइत बसेपछि घर पठाउँदा अपनाउने विधिलाई गौना भनिन्छ । माइतिमा बस्दा बस्दै बच्चा जन्मेर बच्चा सहित गौना पठाउन पाइयो भने थारुहरु महत्वपूर्ण उपलब्धी ठान्दछन् । गौना पठाउँदा रक्सी, जाँड, कुखुरा तथा अन्य विभिन्न कोसेलीहरु पठाउने गर्दछन् । तर यो प्रथा थारु समाजमा हटिसकेको पाइन्छ ।

## झ) विवाह प्रथामा भेदभाव

पश्चिममा दाङ, बर्दिया, कठहरिया, देगौरिया, मर्दनिया, मझौवारा थारु समुदायमा देवरले विधवा भाउजुसंग विवाह गर्ने चलन रहेको छ । देवरले नभए घर बाहिरको केटा खोजेर विवाह गरिदने प्रचलन पनि छ । केटा र केटीले पनि पति पत्नी छाडेर अर्को पति पत्नी खोजेर विवाह गरेर बस्न सक्दछन् र हर्जाना स्वरुप जारी बुझाउँदछन् । (गौतम २०४४:१५) तर पूर्वमा यस्तो देखिंदैन । केही मात्रामा यस्तो प्रथा भेटिएतापनि अपवादमा मात्र यस्तो प्रथा भेटिन्छ । यो समाजमा बहुपत्नी प्रथाले मान्यता पाएपनि यो प्रथा साधारणतः प्रचलनमा छैन । खास गरेर पत्नीबाट छोरा नभएमा वा पहिलो पत्नीबाट जन्मेका बच्चाहरु बारबार मृत्यु भएमा वा विवाह पतिको विरुद्ध भएमा वा यस्तै अन्य गम्भीर अवस्था भएमा मात्र बहुपत्नी राख्ने गरिन्छ ।

थारु समाजमा विधुवाको विवाह सजिलै हुने हुनाले जवान विधवा पाइदैन । यस समुदायको माइतिबाट तथा स्वर्गीय पतिको घरको संयुक्त प्रयासबाट पुनः विवाह हुन्छ तर खासगरी विधवाको विवाह माइतिले नै गरिदिने चलन छ । यस्तो विवाहको पनि विधि विधान हुन्छ । हिन्दु समाजको अन्य जातिको विधवाको भन्दा थारु विधवाको अवस्था राम्रो छ । जसले आरामसंग अर्को घरमा गई नयाँ घरबार गरी बस्न सक्छन् । थारुहरुमा अब बालविवाह प्रायः हटिसकेको छ । अहिले युवा अवस्थामा विवाह सम्पन्न हुने गर्दछ । पूर्वका थारुहरुमा केटाकेटी साटासाट गरी विवाह गरिदिने प्रचलन देखिदैन । पूर्वी तराईमा थारुहरु विशेष गरी विवाहमा दुलाहाले काटा वा सुन हातमा लिई दुलहीलाई सिन्दुर लगाई दिन्छ । यो कार्य सकिएपछि हवन आदि पनि गर्ने गरिन्छ । विवाह भइसकेपछि पनि केटीहरुलाई सिउँदोमा सिन्दुर लगाई दिन्छ । विवाह भइसकेपछि केटीहरुले सिउँदोमा सिन्दुर, हातमा चुरा लगाउनै पर्छ भने पश्चिमका थारु समाजमा अनिवार्य छैन । कतिपय थारु समाजमा फुपुचेला, मामाचेलीसंग विवाह गरेको पाइन्छ भने कतिपय ठाउँमा सात पुस्तासम्मको हाडनाता हेरी मात्र विवाह गरिदिने प्रचलन रहेको पाइन्छ ।

### ५.३.६ मृत्यु संस्कार

यस क्षेत्रका थारुहरु मृतकलाई जलाउने गर्दछन् । यहाँका थारु समाजमा मृत्यु संस्कारलाई काज वा नुन छाडल भन्दछन् । मृत्यु हुने अवस्थामा आफ्ना परिवारका सदस्यहरुले मुखमा जल हाल्ने र मृत्यु भइसकेपछि गाउँघरका छिमेकी इष्टमित्रलाई खबर गरी घाट लैजाने तयारी गर्दछन् भने गाउँका छिमेकीहरु जम्मा भई मृतकको परिवारलाई सान्त्वना दिने काम गर्दछन् । मृतकलाई उत्तानो पारेर नयाँ कपडा आढाई छातीमा बन्चरो राखी नजिक एक डालो धान राखी के गरेर मऱ्यौ भनेर जोखना गर्दछन् । त्यसपछि मृतकको शवलाई काँचो बाँसको पलङमा (घारो) बनाई त्यसमा राखी सेतो नयाँ कपडाले (बोहरी दगही अर्थात कात्रो) ढाकी अगाडी पछाडी बोक्नेगरी खटमा बाँध्छन् र शवको सिरानमा बत्ती बाली लासमाथि बन्चरो राखी उसले प्रयोग गरेका सबै सामानको साथै फूलपाती, धान, पैसा मुर्दाको पछिपछि चुहाउदै नदी किनाराको घाटमा पुऱ्याउँदछन् ।

यहाँ प्रायः नजिकका नदी तथा खोलाको तिरमा लगी प्रायः जलाउने गर्दछन् भने गाड्ने लाशलाई घाटमा पुऱ्याएपछि उत्तरतिर शिर राखी उत्तानो पारेर भरसक स्याल कुकुरले नखाने किसिमबाट नदी किनारको पानी भएको ठाउँमा गाड्ने गर्दछन् । गाड्दा पहिलो पल्ट छोराको घुँडामुनि टाउको राखी माटोले पुर्नु पर्दछ । मुर्दा गाडिसकेपछि उसले प्रयोग गरेको सरसामान त्यही दयाँबायाँ च्यातेर फुटाएर फाली घटवरिया (मलामी) जतिले नुहाई धुवाई गरी घर फर्कन्छन् । घरमा प्रवेश गर्दा सुनपानी छर्की प्रवेश गर्दछन् । आजकल मृतकको मुखमा दागवत्ती (मुखीथागी) दिएर जलाउने गरेको पनि देखिन्छ । दाहसंस्कारको काम सकिएपछि सोही दिन एकछाक खाई क्षेत्रवास वसी अर्को दिन मृतकको परिवार मध्ये कुनै एकजना व्यक्ति (छोरा) किरिया बस्दछ । किरिया बस्ने कर्ताले आफैं पकाउने खाने, छुट्टै बस्ने सुत्ने र अरुसंग छुवाछुत गर्ने गर्दछन् । मृतकको घरपरिवारमा भरसक नुन, माछामासु, रक्सी आदि वार्ने गर्दछन् । मृतक आइमाई भएमा १३ दिन, लोग्ने मानिस भएमा १२, ५-१० वर्षको कन्या/कुमार भएमा ९ दिन, अविवाहित केटी भएमा ५ दिन, सानो बच्चा भएमा ३ दिन र वर्षदिनको बच्चा भए त्यसै दिनमा किरिया उम्काउँछन् । कहिलेकाही किरिया छोरी ज्वाँइले गर्दछन् भने छोरा छोरी नभएको लोग्ने मरेमा स्वास्नी र स्वास्नीको मृत्यु भएमा लोग्ने पनि किरिया (परिरथी) गर्दछन् । कुनै गाउँभरि महामारी फैलिएर घरभरिका मानिसहरुको मृत्यु भएको छ भने अन्तिम समयको घरमा जसको मत्यु हुन्छ त्यसैले मात्र वारे पुग्छ । धेरै वर्ष

अगाडीसम्म किरिया बसेको समयमा पुनः अर्को व्यक्तिको मृत्यु भएमा एउटै किरियाबाट उत्रन्थ्यो भने आजकल अलग अलग ११ दिनसम्म जुठो वारी बस्नु पर्दछ । थारु समाजमा तुरुन्त बस्ने किरियालाई स्थायी किरिया र २-४ वर्षपछि बस्ने किरियालाई रही किरिया भन्ने गर्दछन् । किरिया गर्ने विधिलाई काज वा नुन छाडल) भन्दछन् । किरिया बस्नेले पहिलो दिन क्षेत्रवास बस्दा घाम नअस्ताई भात खानु पर्दछ । त्यसको भोलीपल्ट बुवा मरेको हो भने किरिया बस्नेले पहिलो दिनक्षेत्रवास बस्दा घाम नअस्ताइकन भात खानु पर्दछ र त्यसको भोलीपल्ट बुवा मरेको छ भने नुन, माछामासु, मासको दाल, दुध, दही, फलफुल, खाना र आमाको मृत्यु भएमा जमीनमाथि फल्ने फलफूल, दुध, दही, घ्यु आदि खानु हुँदैन । अर्थात आलु, प्याज, सखरखण्ड खाने गर्दछन् । लास गाडेको ठाउँमा वा नजिकको चौबाटोमा प्रत्येक दिन बत्ति बाल्नु पर्दछ । जुठो नचोखिन्जेल मृतकको सम्झनामा बिहान वेलुका दुधालु बृक्षमा गएर प्वाल पारी झुण्डाइएको माटोको भाँडो (वोटरी) मा जल तुर्काउने गर्दछन् । किरिया बसेको समयभित्र एक पटक खडाइको लट्ठीको टुप्पोमा फलाम बाँधी लोटामा सेतो कपडाले बेरेर झुण्डाउने पनि गर्दछन् । पाको मानिसको किरियामा चोखिने १२/१३ दिनको अघिल्लो दिन आफ्ना छोरी बेटी, दाजुभाई आदिलाई बोलाई किरिया घरको आँगन, कोठा, चोटा आदि सबै लिपपोत गरी चोखो बनाई एकछाक नुन नहाली खुवाउने र खाने गर्दछन् । त्यसको भोलीपल्ट ब्राह्मणको रुपमा भान्जा, मृतकको नाती र हजामलाई बोलाई नदी किनारमा हजामको छुराद्वारा लोग्ने मानिसको कपाल खौरी शद्ध पार्छन् । त्यसै नदीको किनारमा किरिया बस्ने मानिसलाई सोही ब्राह्मणद्वारा जमीनमा मृतकको मुर्ति बनाउन लगाई पिपलको एउटा हाँगा त्यो मुर्तिको सिरानमा गाडी बत्ती बाली होम गरी चामलको पिठोद्वारा पिण्ड बनाई जौ, तिल, घ्यु, आँप, भेडाको रौं, एक टुक्रा मासु, केरा, दही, मह चटाई सेता नसिलाएको कपडा लगाई १६, १२ र ८ गरी तीन पटक पिण्ड दिने गर्दछन् । पिण्ड दान दिंदा जनै लगाउँछन् । पिण्ड दिइसकेपछि नुहाइ धुवाइ गरी घर फर्किन्छन् । घर आएपछि गहुँत खाने, ब्राम्हणद्वारा ककनी (धागो रक्षा) बाँधने, दान दक्षिणा दिने तथा ढोका अगाडी र आँगनमा बोका काटेर उधिरिङके गर्दछन् । यति गरिसकेपछि ब्रम्हा, विष्णु, महेश आदिलाई सम्झदै ब्राम्हण र किरिया बस्ने मानिस आदि मिलेर त्यहाँ बनेको खानेकुरा खाई त्यसपछि अतिथिहरुलाई खानेकुराहरु एउटा भाँडोमा राखिदिने गर्दछन् । जसलाई घरानाको दाजुभाई भात मिलेको भन्दछन् । त्यसपछि त्यहाँ भएका सबै जनाले खाना खान्छन् । सबैले खाना खाइसकेपछि ब्राम्हण र हजामलाई मृतकको नाममा लत्ताकपडा, गाई, भैंसी आदि दिने गर्छन् र नभएमा पैसा दिने गर्छन् । त्यसका अतिरिक्त धान, चामल, तेल आदि घरमा भएको यावत चीज धेरथोर दुवैलाई

दान दिई विदाइ गर्छन् । किरियाको निम्तामा प्रायः छोरी बेटीहरु र ब्राम्हणले बोका, परेवा लाने चलन छ । यसलाई ढुकुवा भन्दछन् । त्यो त्यही किरियमा (चोखिदा) काटी मासु खाने गर्दछन् ।

यसका अलावा आइमाइहरुले मासु भात पकाएपछि भुई पोती केराको पातमा मासु तथा अन्य प्रकारका वस्तुहरु राखी दुवै हातले रोटी, रक्सी पछाडी फर्केर खान्छन् । उतरली भनेपछि ति सबै वस्तुहरु डालोमा राखी सेलाउने गर्दछन् । सोही दिन राती नाचगान गर्ने तथा तमोर सगोर (मुखले बजाउने) बजाउने गर्दछन् । शुद्ध हुने अन्तिम दिन मरेको मानिस पाहुना मान्न आउँछ भनेर विछौना लगाई खाने चीजहरु राख्ने गर्दछन् जसलाई कपरकोच भन्ने गरिन्छ । किनकी राती कुखुरा नवासुन्जेल मृतकको घरमा वास हुन्छ र त्यसपछि ऊ सिधै परलोक जान्छ भन्ने विश्वास रहेको हुन्छ । किरिया बसेको समयभित्र चेलीबेटीले कपाल कोर्नु हुँदैन तथा आइमाइहरु नुहाउन जाँदा सिरुको ३ कुने दियोमा बत्ती बालेर बगाउने गर्दछन् । जुठो उत्रेको १३औं दिनपछि किरिया बस्नेले वर्षदिन सेतो कपडा लगाई दुध, दही, घ्यु वार्ने गर्दछ । जसलाई बरखी भन्दछन् ।

यस्तै किरिया बस्दा एक पटक खौरेको दारी, कपाल वर्षदिनभिर काट्न हुँदैन ।बरखी फाल्ने दिन कसैले माघे संक्रान्तीको दिनमा देवघाटबाट र चैते नवमीमा मडगर माडीको रिउ नदी, गोद्दक आदि तीर्थस्थलहरुमा र खोला वा नदी किनारमा गई क्षोर (मुंडन कार्य) गर्ने, मृतकको नङ नभएमा कुशको लास बनाई त्यसैलाई देब्रे नङ मानी अस्तु सेलाउनको लागि अर्कै मानिसले एकजोर परेवा लिई हातमा रहेको बत्तीलाई बालुवामा गाड्नु पर्दछ । उक्त कार्य गर्दा पानीमा डुबुल्की मारेको समयमा गर्दछन् । यसरी पितृलाई तर्पण दिने कार्य गर्दछन् । मृत्यु संस्कार समाप्त भएपछि प्रत्येक वर्ष पितृ (पितर) औंसीमा (सोन्हश्राद्ध) मात्र पिण्ड दान गर्ने, तर्पण गर्ने आदि चलन छ । थारु समाजमा पितृ विसर्जनलाई (पिठर बेठाइके) भन्दछन् । यसरी मृत्यु संस्कार समाप्त हुन्छ ।

## ५.४ धार्मिक विश्वास र परम्परा

वर्षको ३६५ दिनमा झण्डै प्रत्येक दिन कुनै न कुनै तवरबाट विभिन्न पूजाआजा तथा चाडपर्वहरु सम्बन्धी ठुला तथा साना उत्सवको आयोजना हाम्रो देशका राष्ट्रिय, क्षेत्रीय एवं स्थानिय स्तरमा पनि भइ नै रहन्छन् । त्यसैले विश्वसामु चाडैचाडको रुपमा परिचित देशको नाम नेपालको आउँछ । धर्मले मानिसलाई नैतिकवान, अनुशासित बनाउने र सामाजिक एवं धार्मिक नियम पनि एक हो । धर्म कुनै प्राकृतिक वस्तुबाट शुरुका मानिसहरुले बढी दुःख पाएपछि दुःखबाट मुक्ति पाउनका निम्ति मानिसले पूजाआजा गर्ने चलनको शुरुवात भएको पाइन्छ । कतिपय जात तथा समुदायमा यस्तै किसिमका प्राकृतिक बस्तुहरुलाई पूजा गरेर

धर्मको पालना गर्दछन् भने कतिपयले आफ्नो सभ्यताको विकासमा नयाँ नयाँ पद्धतिको शुरुवात गरिसकेका छन् । नेपाल विभिन्न जनजातिहरु र समुदायका मानिसहरुले विभिन्न किसिमका धर्महरु अवलम्बन गरिएको पाइन्छ । सबैजसो धर्ममा प्राकृतिक पूजाको पद्धति देखिन्छ । यसैगरी थारु समुदायमा पनि धर्ममा बढी आस्था राख्ने भएकाले यस्तो किसिमको प्राकृतिक पूजा गर्ने चलन रहेको पाइन्छ ।

शारीरिक बनोटको आधारमा थारु समुदायका मानिसहरु मंगोल संस्कृति पूर्ण रुपमा ग्रहण गर्न नसकेको पाइन्छ । थारु समुदायका मानिसहरुले हिन्दु संस्कृतिमा विश्वास गर्दछन् । यस समुदायका मानिसहरुले आफूलाई हिन्दु धर्मावलम्बी आर्य मानेपनि यिनिहरु मंगोल समुदायले विश्वास राख्ने पूर्वजन्म, आत्मा र परमात्मा आदिमा थारु समुदायले पनि विश्वास राख्ने गरेको पाइन्छ । थारु समुदायका मानिसहरुले मान्ने प्रमुख हिन्दु देवी देवताहरु राम, कृष्ण, ब्रम्हा, भगवती, शिव, पार्वती, गणेश, भिमसेन आदि हुन् । यिनिहरु सत्यनारायणको पूजा पनि गर्दछन् ।यिनिहरुले घरभित्र थान बनाई (घरदेवता) आफ्नो प्रतीक कुल देवता, गन देवता (गणेश) घरमा, आँगनमा, मठमा र बृक्षमा स्थान बनाएर शिला, कुचो आदि मुर्तिको प्रतीक वस्तुहरु राखी देवदेवीको पूजा गर्दछन् । गाउँमा स्थान बनाएर बरहम बाबाको पूजा गर्दछन् भने यक्षिणी (हलोको माथिको भाग गाडेर बनाएको देवता) सन्तान प्राप्तीका लागि विक्रम बाबा, औलोबाट बच्न अलिया बाबा, चित्रसेन, मंगल आदिको पनि पूजा गर्दछन् । यिनिहरुलाई गाई, घोडा, बाँदर, हात्ती, सर्प आदिलाई पवित्र प्राणी मान्दछन् । वनस्पतीमा पिपलको विशेष पूजा गर्दछन् । बालीनालीको सुरक्षा र अनुकुल वातावरण श्रृजनाको लागि असारी, हरिहर, लेरुची, पोवायेठ आदि अनेक प्रकृति देवीको पूजा गर्ने चलन पनि छ । घर देवतामा प्रत्येक थारु समुदायको आफ्नो उत्तर पाखोको पूर्वी खण्डमा देवता राख्ने कोठा बनाएका हुन्छन्, जसलाई देउहर भन्दछन् । त्यही यिनिहरुको कुल देवता हुन्छ । देउहरमा सुत्ने अधिकार केवल घरमुलीलाई मात्र हुन्छ र निश्चित चाडपर्वहरुमा घरमुलीद्वारा यि देवताहरुको पूजा गरिन्छ । आफ्नो कुल देवतालाई दुध, पाट अर्थात रेशम चढाउँछन् र परेवा, कुखुरा, भेडाको पाठी आदिको बलि दिनछन् । यिनिहरुको घरदेवताहरु कुमारवर्ती, वेही, थकेदुण्डी, तिरीपुक, कन्तरी आदि नाम गरेका हुन्छन् । गाउँ देवतामा थारुहरुको सामुहिक रुपमा गाउँको पायक पर्ने ठाउँमा रहेको रुखको फेदमुनि ढुंगाको शिला राखी देवताको पूजा गर्दछन् जसलाई वरमथान भनिन्छ । केही निश्चित दिनहरुमा देवताको पूजा गर्ने, वारना गराउने, विभिन्न देवताहरुको भकौती गरेकोमा पूजा गर्ने आदि गर्दछन् । थारुहरुले ठुल्ठुला रुखको फेदमा वा झाडीहरुमा ढुंगा ठड्याएर वा माटोको ढिस्का लगाएर रिउहार, सन्यमाई, चमरिया आदि देवीहरु तथा

रक्साधरा दहरचण्डी वनस्पती र काइदेउ जस्ता देवताको पूजा गर्दछन् । कैयौं थारुहरुले घोडालाई इष्ट देवता मानेको पाइन्छ भने अरु कैयौंले बाटाघाटामा तेर्स्याइएको काठको मुढालाई पनि दहरचण्डीको प्रतीक मानी पूजा गर्दछन् । वनस्पतिको अर्थ वनदेवी हो र देवता चाहिं घरभित्र पूजा गरिने कुल देवता हो ।

थारुहरुमा प्रत्येक वर्ष कृषि कार्य शुरु हुनुअघि थान पूजा गर्दछन् । थानको वरिपरि एउटा माटोको ढिस्को जस्तै गरी पर्खाल बनाइन्छ । त्यहाँ एउटा हाडी केही धान र दियो राखिन्छ । झण्डै ४/५ फिट जमीनमा स-साना खम्बा उभ्याएर टिन तथा खरको छाना लगाइन्छ र त्यस थानलाई एक दैवीशक्तिको आस्थामा श्रद्धा गरिन्छ र रगतले सिंचिन्छ ।

थानपूजा घरभित्रको पूजा हो । यो पूजा गर्दा रातो कागजको घोडा राख्ने चलन छ । यस बनावटी कागजको घोडा राख्नुको अर्थ चाहिं खेतीपाती घोडाको चालजस्तै छिटो र चाँडो होस् अनि रोगव्याधी त्यतिकै चाँडो भागोस् भनेर हो । यो घोडालाई थानपूजा गर्दा पहिलो भाकल गर्दा एउटा चढाउँछु भनेको खण्डमा २ वटा चढाउनु पर्ने हुन्छ ।

यहाँका थारु समुदायको पुरोहित गाउँको गुरौ वा भानिज हुन । यिनै व्यक्तिबाट धार्मिक कार्य सम्पन्न गरिन्छ । तापनि यहाँका थारुहरुले केहीवर्ष यता पूजाआजामा ब्राम्हण पुरोहित लगाउन थालेका छन् ।

### ५.४.१ धार्मिक झुकाव

थारु समुदाय ढुंगा, काठ, माटोको आकृतिलाई विभिन्न देवी देवताको प्रतीक मानी पूजाआजा गर्नु, चाडपर्वमा विभिन्न प्रकारका बलीहरु चढाउनु तथा भूतप्रेत, डायनी, बोक्सी आदिमा विश्वास राख्ने गर्दछन् ।यिनिहरु कोही व्यक्ति विरामी भयो भने अस्पताल लैजानु भन्दा पहिले गुरौलाई झारफुक तथा तन्त्रमन्त्र गर्न अघि सर्दछन् । यस समाजमा घर गुरौ, टिकायत गुरौ, मुल गुरौलाई वैद्य तथा डाक्टर सरह नै मान्ने गरिन्छ । अहिलेको आधुकिन जमानामा यो झारफुक, तन्त्रमन्त्र आदि अन्धविश्वास हो । यसलाई हामी पढेलेखेका मान्छे पनि स्विकार गर्दैनौ तर कतिपय रोगी तथा विरामीहरु यही झारफुक तथा तन्त्रमन्त्रद्वारा गुरौले ठिक पारेका हुन्छन् । त्यसैले हामीले अन्धविश्वासहरु मान्न करै लाग्छ । रोग लागेकोलाई अस्पताल लानु पूर्व हामी गुरौलाई देखाउँछौं । यहाँ भुत, प्रेत र बोक्सीबाट बच्न विरामीहरुलाई जन्तर बाँधने, भाकल गर्ने, पानी मन्साउने कार्य गर्दछन् । बोक्सा बोक्सीको उत्पत्ति थरौट (थारु समुदायको वासस्थान) बाट नै भएको हो भन्ने भ्रामक सोचाइ राख्दछन् । त्यस्तै वालीनाली राम्रोसंग सप्रोस् भनेर वारना ईश्वरसंग पानी पार्न गरिने पूजापाठ, गाई गोरुलाई खोरेत रोगव्याधी

नलागोस् भनेर वारना तथा बालीनाली रोव्याधी नलागोस् भनेर वारना आदिको विभिन्न संस्कारमा भोज, दान, दक्षिणा गर्नु नै थाहरुहरुको अन्धविश्वास द्योतकको रुपमा रहेको छ ।

## ५.४.२ वारना

रानाथारुसमाजमा व्याप्त रुढीगत विश्वास मध्ये वारना पनि एक हो । समाजमाकुनै प्रकारको दुःख, कष्ट नहोस्, रोगव्याधी नलागेर खेतीपाती राम्रो होस् भन्ने उद्देश्यले थारुहरु वर्षभरिमा केही दिन कुनै पनि काम नगरी बस्दछन् । यसैलाई वारना भन्दछन् । वर्षभरिमा बैशाख महिनाको दिन गाउँको गुरौ (पतिरथी) लाई वर्षभरिको वारना सञ्चालन गर्ने जिम्मा दिन्छन् । यसरी वारनाको जिम्मा लगाउनुलाई थमौती वारना भन्दछन् । यो थमौती वारनाको जिम्मा दिएपछि अन्य वारना शुरु हुन्छ । थमौती वारनाको दिन गाउँलेहरुले गुरौलाई गच्छेअनुसार माछा, मासु, रक्सी आदि जस्ता खानेकुरा उपहार स्वरुप दिने गर्छन् । जसलाई गुरौ मनाउने भनिन्छ । यस बाहेक अन्य महिनामा मनाउने वारनाहरु यस प्रकार छन् :

**क) जेष्ठयाती (जेठ)**

घर गुरौले प्रत्येक घरको कुलपूजा (देवकार्य) गर्दछन् । जसमा थारुका विभिन्न देवता अनुसार कुखुरा, रक्सी, वेलपत्र, दुवो, अक्षता, पैसा, सुपारी, ल्वाङ, केराको थाम, वेतवाँस आदि प्रयोग गरी कोठाको बत्ती बाल्ने तथा कर्ता छेउमा बसेर भुतप्रेत हटाउने विभिन्न भकौतीहरु प्रयोग गर्ने गर्दछन् ।

**ख) यासारी (असार)**

पतिरथी गुरौले ब्रम्हथानमा सामाजिक रुपले पूजाआजा गर्दछन् । ब्रम्हथानमा तपरिथी गुरौले थारुहरुले लगेको जम्मा सातजोर परेवा, सातजोर कुखुरा, एक बोका, एक भेडाको वली चढाउन र त्यो वली चढाएको टाउको, नौ हातभरको लोदसी (सेतो कपडा) रु. १ भेटी आदि ब्रम्हथानमा चढाएपछि रानाथारुमा विभिन्न रोगव्याधी हटेको विश्वास गर्दछन् ।

**ग) हरियाली वारना (साउन)**

थारुहरुले आ-आफ्नो खेतमा रोपाई गरिसकेपछि बालीनाली राम्रो होस् भनि, कुनै रोग व्याधी नलागोस् भनि हरियाली वारना गर्दछन् । उक्त वारनापछि खेत रोप्ने कार्य गर्न पाउँदैनन् । मैजार अर्थात खेत रोपिसकेको भोलीपल्ट थारुहरुले घरघरमा अरियरी गर्न बोका, कुखुरा, माछा आदिको मासु खाई रमाइलो गर्दछन् । त्यसपछि खयरको पात, कुश, वेलपत्र र पैयुँको लठ्ठी, धान कुटी अक्षता बनाएर आफ्नो खेतमा लैजान्छन् । अविवाहित युवाहरु उक्त अक्षता र

खरेटाको लाठी लिई बिहान १० बजेदेखि ४ बजेसम्म प्रत्येकको खेतमा घुमी रोपो हल्लाउने, अक्षता छर्कने काम गर्दछन् । घरमुलीले वेत वा पैंयुको लट्ठीको साथ कोदालो लिई खेतमा पानी लगाउने काम गर्दछन् ।

**घ) दुध भरल खिल भरल (असोज)**

यस महिनामा खेतको धानमा भरिलो दुध भई लहलह धानको वाला भुलिरहेका हुन्छन् । जसमा उनीहरुले खेतको आलीमा लट्ठीले हिर्काउनुको साथै अक्षताको साथै अक्षता छर्कने गर्दछन् ।

**ङ) ल्वांगी (कार्तिक)**

रानाथारु समाजमा प्रत्येक घर परिवारको मुख्य व्यक्तिले आफ्नो खेतको सातवटा धानको वाला लिएर पूजा गर्न अक्षता र परिकारको रुपमा चिउरा बनाएर ब्रम्हस्थानमा पूजा गरी प्रसादको रुपमा नयाँ अन्न खाने गर्दछन् । यो अन्न परम्परालाई उनीहरु ल्वांगी वारना भन्दछन् । ल्वांगी वारना पछि मात्र गुरौले नयाँ धान खान पाउँछ । नत्र पुरानै धान खनु पर्ने परम्परा छ । सोही दिन वेलुका जंगली जनावर मौरी, कीटपतङ्ग, रोगव्याधी नलागोस भनेर वहकटी वारना गर्दछन् । यो वारना गर्दा सडकको पुर्वपश्चिम चौबाटोमा घरमुली गई सुपारी गाड्ने र दक्षिणपट्टि खुल्ला बाटो छोड्दछन् । यस्तो गर्नुको मुख्या कारण रोगव्याधी, कीटपतङ्ग आदि गाउँबाट भागेर जाउन भन्ने धारणा छ ।

**च) लेरुपाइढ (मंसिर)**

यस महिनामा रानाथारुहरु आफ्नो खेतमा गई आफ्नो खेतवारी जोगाएकोमा, राम्रोसंग धान उब्जिएकोमा खेतमा पूजा गरी बोका पाठी कुखुरा आदिको वली दिई लेरुपाइढ वारना गर्दछन् । यस वारनामा सातहातको सेता मर्दानी, धोती एक, भेटी रु. १ पैसा सात, ल्वांग सात, सुपारी सात वटा आदि दिएर हाम्रो क्षमताले भ्याएसम्म सेवा गऱ्यौं भनेर यसैमा खुशी मानी हामीलाई विदा देउ घर जान्छौं (घर पुगल जीउ सकल हमार विन्ती यह वडो विदा हरव) भनेर भन्दछन् । पतिरथी गुरौले पनि ठिकैछ तर तपाइहरुलाई दुःख लाग्यो कि सुख मैले यतिका भोग लगाई दिएँ माफ गरिदिनोस् (अरे वुवह छोडा वडा भाई वडा तोरा बहुत भोग लगादेल उही दुखभिन मानअ मुंह बडो विन्ती करे तौराह हु माफ करत) भन्ने गर्दछन् ।

## ५.५ भित्ते चित्र

कलाकारिताका ६४ विद्यामध्ये चित्रकला पनि एक हो ।नेपाली कलाको इतिहास लिच्छवीकालसम्म पुरानो भएको मानिन्छ । कैलाशकुट तथा मानगृह दरवारमा कोरिएका भित्ते

चित्र लिच्छवीकालीन भएको कुरा चिनियाँ यात्रीहरुको भनाई रहेको छ । भित्तामा लेखिएको, कोरिएका अथवा खोपिएका जस्तोसुकै चित्रलाई पनि भित्ते चित्र भनिन्छ ।

रानाथारुसमुदायको भित्ते चित्रको आफ्नै ऐतिहासिक महत्व छ । यो समुदायमा प्रायः घरको भित्ता, दलानको भित्ता, भकारीमा चित्रहरु कोरिएका हुन्छन्। यि विभिन्न रंग, अबिर, सिन्दुरको समिश्रण चामलको पिठो आदिबाट कोरिएको पाइन्छ । यस्ता चित्रहरु धार्मिक, ऐतिहासिक घटनाको चित्रण गरी बनाइएको हुन्छ । थारुहरुको भित्ते चित्रबाट धार्मिक आस्थाको सजिलै वोध हुन्छ । यिनीहरुको भित्ते चित्रमा शैव, वैष्णव शाक्त धर्मका तत्वहरु पाइन्छन् । भित्ते चित्रमा कोरिएका तार, त्रिशुल, चित्र आदि त्यसका प्रमाण हुन् । थारु समुदायमा कोहवर (नव विवाहित वर वधु मिलन गृह) चित्रमा चखेवा, मयुर, कमल आदि चित्र अंकित हुन्छन् । वंश वृक्षबाट वंशबृद्धि, चन्द्र सूर्यबाट कीर्ति, कमल, कुमुदिनीबाट सौभाग्य, चखेवाबाट दाम्पत्य प्रेम, माछाबाट वंशबृद्धि र कछुवाबाट दीर्घ जीवन प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास पाइन्छ ।

## ५.६ चाडपर्वहरु

नेपाल एउटा बहुजातिय, बहुभाषिक तथा बहु सांस्कृतिक मुलुक हो । त्यसैले भन्ने गरिन्छ, नेपाल चारवर्ण छत्तीस जातको साझा फूलवारी हो । नेपाली जातिरुपी बगैंचाको एउटा फूलको रुपमा थारु जाति पनि रहेको छ । यो जातिका आफ्नै किसिमका चाडपर्वहरु भएतापनि वर्तमान अवस्थामा आफ्ना परम्परागत चाडपर्वलाई केही नयाँ रुपमा मनाउन थालेको पनि पाइन्छ । संक्षेपमा यो जातिले मनाउने चाडपर्वहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### क) अष्टमी (कृष्ण जन्माष्टमी)

रानाथारुहरुले मनाउने चाडपर्वहरुको प्रारम्भ कृष्ण अष्टमीबाट हुने गर्दछ । उक्त पर्वमा श्रीकृष्ण भगवानको आराधना गरी ब्रत बस्दछन् । श्रीकृष्णसंग सम्बन्धित गाथाहरु गाउने, नाचगान गर्दै यो पर्व मनाउँछन् ।

### ख) जितिया (तीज)

रानाथारु आइमाइहरुले मनाउने सबैभन्दा ठुलो चाड जितिया हो । थारु समाजमा जितेको अर्थ विजय हो र वाहतको अर्थ सर्वश्रेष्ठ हो । विजयको प्रतीक मानिएकोले यसलाई जितिया पावनी भनिएको हो । थारु समाजमा जसले जितवहानको नाममा ब्रत वसी कथा सुन्ने गर्दछ, उसलाई पुत्र प्राप्ती हुन्छ वा चिताएको पुग्छ भन्ने धार्मिक विश्वास छ । श्रृष्टि विषयसंग

सम्बन्धित यस व्रतकथाका प्रधान नायक जितवहान भएकाले उनकै नामबाट यस चाडको नाम जितिया रहन गएको हो भन्ने किंवदन्ती पाइन्छ ।

असोज कृष्णपक्ष सप्तमीको राती विभिन्न परिकारको खानेकुरा बनाएर दर खाने ( ढकढक) खाने गर्दछन् । दर खाइसकेपछि वदाहा गीत गाउँछन् । जितियाको दिन राम्रो राम्रो कपडा तथा गहनाहरु लगाएर दिनभरि नै केही पनि नखाई बस्दछन् । यस दिन विशेष गरी जितवहानको कथा सुन्ने गर्दछन् । दिनभर झम्टा बजाएर गीत गाउँछन्  र साँझमा पूजा गरी फलाहार गर्दछन् ।

## ग) यमोशा (पितृ औंशी)

आश्विन कृष्णऔंशीको दिनमा मनाइने यस यशोमा पर्वमा पितृलाई सम्झेर तर्पण दिने गर्दछन् । लिपोत गरिएको आँगन वा अन्य स्थानमा पितृको प्रतीक स्वरुप कुचो गाडी त्यसमाथि छाता ओढाएर स्नान गरी शुद्ध भएका घर परिवारका सदस्यहरु पितृलाई जल, चउर छोवन पानी (चौलानी), पान, विंडी, ल्वांग, सकुमेल, माछा, मासु, जाँड रक्सी आदि
अर्पण गरी पूजाआजा गर्दछन् । बेलुका सामुहिक गीत गाउने चलन छ जसलाई विरुहनी गीत भनिन्छ ।

## घ) दस्य (दशैं)

इस क्षेत्रकारानाथारुहरुले दशैंलाई आफ्नै पाराले मनाउँछन् । सप्तमीको दिन बिहानै गुरौको घरमा गई विशेष प्रकारले टीका, अक्षता लगाएर (फूलपाती लारै) हर्ष उल्लासका साथ मनाउँदछन् । हातमा हतियार लिएका गुरौका शिष्यहरु अरुको करेसावारीमा गई खुर्सानी, तरकारी चोरेर लैजान्छन् । गरौर्ला बुझ्ई बाँकी रहेको आपसमा भागवण्डा गर्दछन् । यस दिन गुरौले इच्छुक चेलालाई देवता खेलाइके मन्त्र दिएर धामी बस्न, काम्न सिकाउँछन् । नवमीको दिन कुल देवताको पूजा गरी बली दिने र दशमीको दिन आफ्नो गुरौको घर गई टीका लगाएर मासु चिउरा खाएर आनन्दसाथ दशैं मनाउँछन् ।

## ङ) सोहराई (तिहार)

सोहराई थारु समुदायको एक अर्को रमाइलो चाड हो । दशैं सकिने पुर्णिमाको सोऱ्हौं दिन कार्तिक कृष्णऔंशीको दिन पर्ने पर्व भएकोले यसलाई सोहराई भनिएको हो । यसमा चाडमा धनकी प्रतीक लक्ष्मीको पूजा आराधना गर्ने गरिन्छ । यस चाडको पहिलो दिन त्रयोदशीलाई पिठो कुट्ने पिठकुटी भनिन्छ । यस दिन पिठो कुटेर शेगा, सिभ्फुवा, गैडु आदि विभिन्न प्रकारको रोटी पकाएर सुरक्षित गरी पछिसम्म पनि खाइन्छ र चतुर्दशीको दिन दिउराई

मा सबै मिली मधसवारी जान्छन् । गाईवस्तु, कृषिऔजार, घरदैलो, इनार, भकारी आदिमा पिठो र सिन्दरले बनेको टिको लगाउने गर्दछन् । गाई गोरुलाई बाँसको किलो गाडेर आगनमा बाँध्दछन् र रंगीचंगी तोरण बनाउँछन् र कुभिण्डो, दुवो, नून मिलाएको खानेकुरा खुवाउँछन् । साँझ घरघरमा पूजा गरी भोलीपल्ट बिहानसम्म महिलाहरुले सुपो (नाङ्लो) ठटाउँदै दरिलो भागहरे अन्दर लक्ष्मी घुण्टहरे भन्दै भुतप्रेत भगाउने र लक्ष्मी भित्राउने रिवाज गर्दछन् । तिहारको तेश्रो दिन बेसार राखेर पकाएको भात, रक्सी बनाएको छोक्रा (कट) गाईवस्तुलाई खुवाउँछन् र हलो, कुटो, कोदालो, ढिकी, भकारी आदिमा पूजा गर्दछन् । आँगनमा कुखरा र परेवाको वली दिएर पूजा गर्दै जाँड रक्सी, माछामासु खाएर रमाइलो गरेर यो पर्व मनाउँछन् ।

**च) वरोह (हरिवोधिनी एकादशी)**

यसक्षेत्रको थारु समुदायमा कार्तिक शुक्ल .पक्षको एकादशीको दिन पुरुषहरुले व्रत वसी आफ्नो गाउँ र घर परिवारको सुख शान्तीको लागि विष्णु भगवानको पूजा आराधना गर्दछन् । यस पर्वमा विशेष गरेर अविवाहित थहरुहरु पनि व्रत वस्दछन् । अघिल्लो दिन नुहाई धुवाई गरेर राती शुद्ध दर खाई भोलीपल्ट दिनभरि भोकै बस्दछन् । यस पर्वमा पुरुषहरु खासगरी केटकेटी नयाँ लुगाफाटा लगाई एकादशीको मेला भर्न जाने गर्दछन् । यस पर्वलाई वरोह एकादशी (ठुलो एकादशी) को नामले बुझ्ने गरिन्छ । यस पर्वमा कन्भनपरको मझुई र चित्रसारीमा स्त्री पुरुष मेला भर्न जान्छन् । यस साँझमा सखरखण्ड (केनरुवा), केरा, उखु, सुन्तला, स्याउ आदि फफूल परालको मुठामा बसेर खान्छन् र खाइसकेपछि उक्त परालको मुठा पोली आगो ताप्दछन् । यसरी आगो तापेकोमा पेटको रोग निको हुन्छ भन्ने विश्वास यहाँका थारुहरुमा पाइन्छ ।

**छ) खिचरा (माघेसंक्रान्ती)**

पुर्वी नेपालका थारुहरुले माघे संक्रान्तीलाई त्यति महत्व नदिएपनि दाङ, देउखरी, बर्दिया, कैलाली, कञ्चनपुर, सुर्खेत लगायत पश्चिम क्षेत्रका थारुहरु माघीलाई नयाँ वर्षको रुपमा मान्दछन् । कन्भनपरका थारुहरु पनि माघे संक्रान्तीलाई विशेष पर्वको रुपमा मनाउँछन् । खिचरामा थारुहरु पौष मसान्तको बेलुका अनदीको चामल बेसार हालेर केराको पातमा पोको पारी उसिनेर चिचर खाने गर्दछन् जसलाई पुषल निझल माघ भन्दछन् । बेलुका भुस, परालमा चिचर पोलेर खाने, घुर ताप्ने गर्दछन् । माघे संक्रान्तीका दिन देवघाटमा विशेष मेला लाग्दछ ।

**ज) फगुवा (फागु पुर्णिमा)**

फागु पुर्णिमा कन्चनपुरका थारुहरुको सर्वाधिक महत्वपूर्ण मनोिञ्जनात्मक चाड हो । यस पर्वमा सर्वप्रथम डम्फु बजाउँदै, नाँच्दै, रङ खेल्दै नजिकको ब्रम्हस्थानमा जान्छन् र होरी भिन देही जिता देही (हामीलाई नहराई जिताई दिनुहोस्) भनि देवतासंग आशिष माग्छन् र गाउँ गाउँमा घुम्दछन् । होरी थारु जातिको सामुहिक लोक नृत्य हो । फगुवाको दिन वर्षभरिको आयव्यको हिसाब गर्ने, ऋण चुक्ता गर्ने, पुरानो हरुवाले छुट्टी पाउने, नयाँ हरुवाको बन्दोवस्त मिलाउने आदि चलन पाइन्छ ।

**झ) चैत लवमी (रामवनमी)**

चैत लवमीका दिन सन्तानको ईच्छा भएका थारुहरुले पहिल्यै भाकल गरेअनुरुप कसरा स्थित विक्रम बाबाको थान गई पूजा गर्ने गर्दछन् । थारुजातिलाई रामको भक्त मानिने भएकाले रामनवमीको दिन ब्रत बसी पूजा गर्दछन् । यस पर्वमा माडीको गोद्धकमा तीन दिनसम्म मेला लाग्दछ ।

# अध्याय: छ

# सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश

नेपालमा बसोबास गर्ने १५९ जाति मध्ये थारुलाई तराई प्रदेशको एक आदिबासि जनजातिको रुपमा नेपाल सरकारले परिभाषित गरेको छ । थारुजाति भारतको राजस्थान राज्यबाट नेपालमा आएका हून् । बि. सं. २०६८ को जनगणना अनुसार हाल नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ रहेको छ । जसमा ५.८ प्रतिशत थारुजाति रहेको देखिन्छ ।थारु जाति भित्र रहेका बिभिन्न थर तथा उपजातिहरु मध्ये रानाथारु एक हो जो नेपालको सु.प. बिकास क्षेत्रको कैलाली र कंचनपुर जिल्लामा मात्र बसोबास गरेको पाइन्छ । यस सोध कार्यमा कंचनपुर जिल्ला बेलौरी नगरपालिका वडा नं. ५ रिछ्राह गाउँमा बसोबास गर्ने रानाथारु जातिको साँस्कृतिक पक्षको बिश्लेषणगरिएको छ ।कैलाली र कंचनपुर जिल्लामा बसोबास गरिरहेका रानाथारु जाति एउटा अलग पहिचान बोकेको नेपालका जनजाति भित्र पर्दछन् ।यस अध्ययनको साधारण उद्देश्य भनेको रानाथारु जातिको साँस्कृतिक र सामाजिक पक्षको बिश्लेषण गर्नु र यिनीहरुको साँस्कृतिक पक्षको बारेमा जानकारी प्राप्त गर्नु रहेको छ ।
कंचनपुर जिल्लाको बेलौरी नगरपालिका ५ रिछ्राहा गाउँमा बसोबास गरेका रानाथारुको सामाजिक तथा साँस्कृतिक पक्षलाई अध्ययन गर्ने क्ममा ५८ घरधुरीबाट १-१ जनागरी जम्मा ५८ जनालाई उद्देश्यमुलक नमुना छनौट बिधिबाट छनौट गरीएको छ ।

यो अध्ययन गर्नकोलागि  प्राथमिक  तथा द्धित्तिय श्रोतबाट तथ्यांक सकलन गरिएको छ। यस अध्ययनका लागी आफैले समुदायमा गई उत्तरदाताहरुसँग अन्तरवार्ता लिई अवलोकन गरि सम्वन्धित ब्यक्तिहरुलाई राखी छलफल गरितथ्यांकसंकलन गरिएको छ  । केहि तथ्यांक भने अप्रकासित लेख ,पुस्तक ,प्रतिवेदन आदीबाट लिइएको छ। यो अध्ययन बाट रानाथारु जातिको भाषा,खानपान,पहिरन, आदीको बरेमा ल्याईएका तथ्यांकहरुलाई बिश्लेषण गरि तालिकामा प्रस्तुत गरिएको छ

## ६.२ निस्कर्ष

यो अनुसन्धानमुलक अध्ययनको उद्देश्य कंचनपुर जिल्लाको बेलौरी नगरपालिका वडा न ५ रिछाहा गाउँमा बसोबास गरेका रानाथारुको सामाजिक तथा साँस्कृतिक पक्षलाइ उजागर गर्नु रहेकोले निम्न निष्कर्षमा पुगिएको छ :

- उत्पत्तिको दृष्टिले भारतको थार क्षेत्रबाट अएको भएर नै यिनिहरुलाइ थारु भनिएको हो भन्ने भनाई पाइन्छ ।
- अध्ययन क्षेत्रमा रहेका जम्मा ५८ घर रानाथरुहरुको जनसंख्या मध्ये महिला १८ अर्थात ३१ % र पुरुष ४० अर्थात् ६९ % रहेका छन् ।
- छनौट भएका उत्तरदाताहरु मध्ये ३० जना अर्थात ५२ %प्रतिशत बिबाहित छन भने २८ अर्थात ४८ %प्रतिशत अबिबाहित रहेका छन्।
- ५१ अर्थात ८८ %प्रतिशत उत्तरदाताहरु एक्कल परिवारमा बसोबास गर्दछन् भने ७ अर्थात १२ %प्रतिशत उत्तरदाताहरु सँयुक्त परिवारमा बसोबास गर्दछन् ।
- रानाथारु नेपालको कैलाली र कन्चनपुर जिल्लामा मात्र बसोबास गरेको भएता पनि हाल यो जाति पनि चलाएमान भएको देखिन्छ ।
- जाति परापुर्वकालदेखि नेपालको तराई क्षेत्रमा बसोवास गर्दै आएको आदिवासी जनजाती हो ।
- रानाथारु समुदायका मानिसहरुको रितिस्थिति, परम्परा, चलन, मुल्य, मान्यताहरु नयाँ रुपमा विकसित हुँदै गएको पाइन्छ
- रानाथारु आफ्नो छुट्टै भाषा भएर पनि भारतको विहार राज्यको चम्पारण जिल्लामा बोलिने भोजपुरीसंग मिल्छ ।
- आजभोली केही जागरुक महिलाहरु मिलेर महिला उत्थानको लागि महिला समुह गठन गर्ने तथा चेतनाको विकास गर्ने काममा सक्रिय हुँदै आएका छन् ।
- रानाथारुजातिका अनुसार यहाँका पुरुषहरु लगौटी, कछाड, भोलिया (ब्लाउज/कमिज जस्तै) भोटो, टोपी आदि पोशाक लगाउँदछन् भने आइमाईहरु नाहगी, चोलिया, घोंघटी ( घाँटीमा गाँठो पारेर ओढ्ने कपडा) आदि पोशाक लगाउँछन्
- यहाँको रानाथारु समुदायको मुख्य खाना दालभात, तरकारी, रोटी, जाँड, रक्सी, माछा, मासु, घोघी आदि हुन् ।
- यस जातिमा बिभिन्न सँस्कारहरु मनाउने आफनै किसिमका तरिकाहरु रहेका छन्।

- रानाथारु जातिमा बिबिध किसिमका बिबाहका प्रकारहरु प्रचलित रहेका छन् भने अर्कोतिर बिबाह गर्ने तरिकाहरुमा पनि असमानता पाइन्छ ।
- रानाथारु जातिको मृत्यु सँस्कारहरुमा पनि अति नै जाँड,रक्सी,मासु लाग्ने भएकोले बढि खर्चिलो देखिन्छ ।
- बिभिन्न चाडपर्ब मान्ने रानाथारुहरुमा धर्मप्रतिको झुकाव पनि बढी नै देखिन्छ ।

**६.३. सुझाव**

नेपाली समाज तथा संस्कृतिमा महत्वपूर्ण स्थान राख्ने तराईका आदिवासी पिछडिएका रानाथारुजातिको संरक्षण, उत्थान तथा विकास गर्नको लागि सम्बन्धित पक्षहरुले निम्न विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

- शिक्षाको पहुँच कायम गर्न नसकेको यस जातिलाई बालशिक्षा, महिला शिक्षा, व्यावसायिक शिक्षा आदिलाई प्राथमिकता दिएर यस्ता कार्यक्रममा थारु स्वयंलाई सहभागी हुनको लागि उत्प्रेरणा दिने किसिमका कार्यक्रमहरु ल्याउनु पर्दछ ।
- यस जातिमा प्रचलित कुरिति कुसंस्कारलाई हटाएर बौद्धिक क्षेत्रको विकास गराउन शैक्षिक जागरण तथा चेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- समग्र थारुजातिको उत्थानको लागि महिला सशक्तिकरण अपरिहार्य भएकाले शैक्षिक जागरण अभिबृद्धि गर्ने, उच्च शिक्षा निःशुल्क गराउने, विभिन्न महिला समुह गठन गरी विना धितो ऋण उपलब्ध गराउने, महिला रोजगारी श्रृजना गर्ने जस्ता महिलासंग सम्बन्धित गतिविधिमा तीव्रता ल्याइनु पर्दछ ।

## सन्दर्भग्रन्थ सूची

आचार्य, बाबुराम (२०३०)*थारुजातिको मुलघर कहा?* प्रचीन नेपाल पत्रिका, काठमाडौं:नेपाल सरकार पुरातत्व विभाग

थारु, तेज नारायण (२०६६)*कमैया प्रथाले पारेको प्रभाव* कान्तिपुर दैनिक, काठमाण्डौ कान्तिपुर पबलीकेशन,

थारु, तेज नारायण (२०६५)*कमैया प्रथाको थालनी* कान्तिपुर दैनिक, काठमाण्डौ कान्तिपुर पबलीकेशन,

गौतम, टेकनाथ (२०४४)*थारुजातिको इतिहास तथा संस्कृति,* दाङ सुशिल कुमार गौतम,

जिल्ला कृषि कार्यालय (२०६१)*वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक एक झलक* कन्चनपुर, जि.कृ.का.

जिल्ला विकास समिति (२०६२), कन्चनपुर *जिल्ला पार्श्वचित्र,* सूचना तथा अभिलेख केन्द्र कन्चनपुर जि.वि.स.

तुलाधर, हरिरत्न (२०४५), *वारा जिल्लाका थारुजातिको पूजा एवं चाडपर्व,* एक अध्ययन शोधपत्र,इतिहास शिक्षण विभाग, त्रि.वि.वि. कीर्तिपुर ।

थारु कल्याणकारी परिषद (२०३८)*थारु कल्याणकारी सभाको विधान,* कँन्चनपुर थारु कल्याणकारी परिषद। दाहाल, पेशल (२०५८)*नेपाली समाज र संस्कृतिको परिचय,* भोटाहिटी काठमाण्डौं एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स,।

पञ्जियार, तेजनारायण (२०४९), *के थारु जातिको भाषा छैन?* मधुपर्क वर्ष २४ अंक १२, काठमाण्डौ गोरखापत्र संस्थान, ।

बराल, ईश्वर (२००९)*थारुजाति र तिनको संस्कृति,* नेपाली संस्कृति विराटनगर,साहारा प्रकाशन।

बिष्ट, डोरबहादुर (२०३०)*सबै जातिको फूलवारी,* काठमाण्डौं साझा प्रकाशन ।

नेपाल सरकार सूचना विभाग, (२०३१) मेचीदेखि महाकाली भाग ४ काठमाण्डौं नेपाल सरकार सूचना विभाग ।

रिजाल, वसन्त (२०४५)*कैलालीका थारुहरु,* शोधपत्र, त्रि.वि.वि नेपाली शिक्षण बिभाग, कीर्तिपुर ।

रेग्मी, ऋषि केशवराज (२०३५)*एक श्रोत तीनधारा*, काठमाण्डौ साझा प्रकाशन, ।

रेग्मी, ऋषि केशवराज (२०३५)*कोशीका थारुहरुको परिवर्तनशिल संस्कृति काठमाडौ* साझा प्रकाशन, ।

सडौला, भवनाथ (२०५७)कँन्चनपुर*विकास सन्देश,* कँन्चनपुर जि.वि.स.

शर्मा, जनकलाल (२०३९)*हाम्रो समाज एक अध्ययन,* काठमाण्डौं साझा प्रकाशन, ।

शर्मा, मोदिनीप्रसाद (२०४४)*थारुजाति एक अध्ययन,* पूर्वाञ्चल विराटनगर साहित्य प्रतिष्ठान,।

शर्मा, निर्मलकुमार (२०६२)कँन्चनपुर *विकास सन्देश,* कँन्चनपुर जि.वि.स. ।

Bista, D.B (1972) *People of Nepal*, Kathmandu, Ratna Pustak Bhandar,.

Crook, W (1996)*The Tribes and Castes of North Western Provinces of Agra and Abadh*, Volume 4, Culcutta.

Gautam, R & Thapa, A.K. (1993)*Tribal Ethnography of Nepal,Kathmandu,* Ratna Pustak Bhandar.

Majumdar D.N (1942), *Tharus and Their Blood Group,* Journal of Royal Aisatic Society of Bengal, Volume 3

Pyakurel, K.N (1982)*Ethnicity and Rural Development*, A Sociological Study of Four Tharu Villages (Ph.D.) Thesis Michiga University.

Rajaure, D.P (1978) Anthropological Study of *The Tharu of Dang Deukhuri'*.Tribhuba University Kritipur,Centeral Department of Sociology/Anthropology

Rajaure, D.P (1981)*The Tharu Women of Sukhrawar*, Kathmandu: CEDA,T.U.

Regmi, R.K (1999), *Dimension of Nepali Culture and Society* Anamnagar,Kathmandu,Budha Publication.

## अनुसूची १

## अन्तर्वार्ता अनुसूचि

**“रानाथारुको सामाजिक तथा साँकृतिक पक्षको अध्ययन”(कन्चनपुर जिल्ला बेलैरी नगरपालिका वडा न ५ रिछ्हा गाउँको एक अध्ययन)वारे गरिने शोधकार्यको लागि प्रयोग गरिने तथ्यांक संकलन गर्नको लागि तयार गरिएका अन्तर्वार्ता अनुसूचि**

**उत्तरदाताको व्यक्तिगत विवरण**

नामः उमेरः लिङ्गः धर्मः

शैक्षिक योग्यताः वैवाहिक अवस्थाः पेशाः

**पारिवारिक विवरणः**

| क.सं | नाम | लिङ्ग | | उमेर | शैक्षिक स्थिति | वैवाहिक अवस्था | पेशा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | **जम्मा** | | | | | | |

**१. जाति र जनजाति बारेमा के थाहा छ तपाईलाइ ?**

**२. थारु जाति हो वा जनजाति के लाग्छ तपाईलाइ?**

(क) जाति (ख)जनजाति

**३ थारुहरुको उत्पती कसरी भएको होला,के सु न्नु भएको छ?**

४नेपालमा थारु जाति कहाबाटकहिले देखि आएका होलान?

५ थारु जतिको इतिहासको बारेमा के थहा छ ?

.............................................................................................

६. तपाइकोसमुदायमा कस्तो किसिमको विवाह हुने गरेको छ ?
(क) मागी ( ) (ख) प्रेम ( ) (ग) जातीय भित्र ( ) (घ) अन्तरजातिय ( )

७. तपाइको समुदायमा अहिले कति उमेरमा विवाह गर्ने चलन छ ?
(क) १५- २० (ख) २०- २५ (ग) २५ भन्दा माथि

८. तपाइको समुदायमा वाल विवाह हुन्छ कि हुदैन ?
(क) हुन्छ (ख)हुदैन

९. तपाइको समुदायमा विधवा विवाह हुन्छ कि हुदैन ?
(क) हुन्छ (ख)हुदैन

१०. तपाइको जातिको मुख्य संस्कारहरु के के हुन् ?
(क) (ख)
(ग) (घ)

११. तँपाईहरुको चलन अनुसार बच्चा जन्मदा के गरिन्छ ?

.............................................

१२. तँपाईहरुको चलन अनुसार विवाहमा के गरिन्छ ?

...............................................

१३. तँपाईहरुको चलन अनुसार मानिसको मृत्यु हुँदा के गरिन्छ ?

............................................................

१४. तपाईहरुको जन्म सँस्कार देखि मृत्यु सस्कारसम्म के के सस्कार कसरी मनाउने गरिन्छ?

क) ख) ग)

१५. तपाइको जातिमा मुख्य चाडपर्वहरु के के हुन् ?

| चाडपर्वहरुको नाम | चाडपर्व हुने महिना |
|---|---|
| (क) | (क) |

(ख) (ख)

(ग) (ग)

(घ) (घ)

१६. तँपाईको समुदायका मुख्य देवीदेवताहरु कुनकुन हुन ?

......................................................

१७. तँपाईको समुदायमा केके परम्परागत पूजाहरु प्रचलनमा छन् ?

..............................................................................

१८. पूजाकार्यमा महिलालाई पनि सहभागी गराइन्छ ?

......................................................

१९. तँपाईहरु चाडपर्वमा कस्तो किसिमको पोसाक लगाउनुहुन्छ ?

....................................................................................................

२०. तपाईहरूको चाड पर्वमा महिलाले के के काम गर्नुपर्छ ?

२१. तपाईको विचारमा तपाईको संकृतिमा के कस्ता कुराहरु लोप भएर गइरहेका छन् ? प्राथमिकताको आधारमा लेख्नुहोस् ।

क) .................. ख) ..................... ग) .................... घ) .......................

२२. यसरी सस्कृतिका कुराहरु लोप हुँदै जानु तपाईलाई कस्तो लाग्दछ ?

क) राम्रो ख) नराम्रो

२३) यदि परम्परागत संस्कृति नै राम्रो हो भने त्यसको सुरक्षाको लागि के कस्ता प्रयासहरु भइराखेका छन् ? वा आवश्यक ठान्नुहुन्छ ?

क) ........................ खं ...................... ग) ............... घ) .....................

२४) तपाईको केही सल्लाह र सुझाव भए दिनुहोस ।

..............................................................................................................

.

अनुसूची २

## अन्वर्तर्ताको लागि प्रयोग गरिएको रुजू सूची

अन्तार्वार्ताको मितिः-

अर्न्वातार्त भएको स्थानः-

अन्तर्वार्तामा भाग लिने व्यक्तिहरुः-

अन्तर्वार्तामो सोधिने प्रश्नहरु वा छलफलका बुँदाहरुः

१) थारुजातिको उत्पत्तिका वारेमा केही बताई दिनुहुन्छ कि ?

२) थारुजातिको पुर्ख्यौली थलो कहाँ हो ?

३) तपाईको जातिको थरगोत्र वारे बताई दिनुहुन्छ कि ?

४) थारु समुदायको बसाई सराईका सम्बन्धमा बताई दिनुहुन्छ कि ?

(बाहिरबाट यहाँ आएका, यहाँबाट बाहिर गएका)

५. तपाईको जातिमा प्रचलित जन्म देखी मृत्यु संस्कारसम्मको वारेमा बताई दिनुहुन्छ कि ?

६. थारु समुदायको खानपान तथा बसोवासको वारेमा केही बताई दिनुहुन्छ कि ?

७. तपाईहरुले अपनाउँदै आएका संस्कारमा कुनै किसिमको परिवर्तनहरु देखा परेको महशुस गर्नु भएको छ ?

८. तपाईहरुले पूजा गर्ने देवताहरु के के हुन् ?

९. तपाईहरुले मनाउने मुख्य मुख्य चाडपर्वहरु के के हुन् ?

१०. तपाईहरुले लगाउने लुगा र गहनाहरु के के हुन् ?

१२. अन्य (तत्कालीन वातावरण अनुसार श्रृजित विषय)।

***धन्यवाद***